पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १५ | २०७० कात्तिक २२ गते शुक्रबार (Nov. 8, 2013) | मूल्य रू. १०/-

## २६ सिट दाहालका गोजीका हुन्

काठमाडौँ । नेकपा-माओवादी सहितका अन्य ३३ दललाई चुनाव विरोधीको सज्ञा दिएका एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले पछिल्लो समयमा नेकपा-माओवादीलाई कुनै न कुनै रूपमा समट्नुपर्ने अभिव्यक्ति दिँदै नेकपा-माओवादीका कार्यकर्ता र उनीहरूका समर्थकहरूको मत तान्ने रणनीतिमा लागेका छन् । नेपालको अन्तरिम संविधानमा व्यवस्था गरे अनुसार मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सिट लगायतका अन्य सुविधा नेकपा-माओवादीलाई दिने उद्घोष गर्नुले अन्तरिम संविधानको ठाडो उल्लंघन भएको छ ।

नेपालको अन्तरिम संविधानले मन्त्रिपरिषद्ले सबै दलको सहमतिमा संविधानसभामा २६ जना मनोनित गर्ने प्रावधान राखेर त्यसमा पनि केही सर्तहरू राखेको छ । जसमा संविधानसभामा (**बाँकी अन्तिम पेजमा**)

# आम हड्तालले निर्वाचन रोकिने ?

काठमाडौँ । नेपाली काँग्रेस, एमाले, एमाओवादी एकापसमा भीडन्त गर्दैछन् र सरकार सुरक्षा व्यवस्था गर्न असमर्थ भयो भन्ने आरोप लगाउँदै छन् । एक मुखले निर्वाचन अब रोकिन्न भन्दैछन् भने अर्को मुखले एक दोस्रोप्रति निर्वाचन भाँड्न खोजेको आरोप पनि लगाउँदैछन् । समष्टिमा निर्वाचनमा सहभागी भएका ठूला दलहरू नै भयरहित, शान्ति र स्वतन्त्रपूर्वक मतदान प्रक्रिया सम्पन्न हुन्छ भन्न सकिरहेका छैनन् ।

यता निर्वाचन स्थगित गरेर वार्ता प्रक्रियाद्वारा सहमतिमा निर्वाचनमा जान ३३ दलका तर्फबाट नेकपा-माओवादी अध्यक्ष





मोहन वैद्यले राखेको प्रस्ताव अन्तर्राष्ट्रिय दबाबका कारण ठूला दलहरूले खारेज गरिदिएका छन् । भारत र अमेरिका जसरी पनि निर्वाचन हुनुपर्छ भनेर दबाब दिइरहेका छन् । यी दबाबका सामु नागरिक समाज, अधिकारकर्मी र संविधानविद्हरू मौनता साँधेर बसेका छन् । यद्यपि उनीहरू मतदान क्रम हुने र ठूलो जमात सहभागी नभएको निर्वाचनले वैधता नपाउने र मंसिर ४ पछि द्वन्द्व झन बढ्ने आंकलन गर्न थालेका छन् । के त्यसो भए अमेरिका, भारत र युरोपियनहरू नेपाल निर्वाचनको माध्यमबाट झन अस्थिर होस् भन्ने चाहन्छन् त ? विज्ञहरू भन्छन्- जसरी पनि चीनलाई ध्वस्त पार्न नेपाललाई आफू अनुकूल बनाउने रणनीतिमा भारत र पश्चिमाहरू लागेका छन् ।

सम्भवतः यही विश्लेषण सही हो र चीनको सहमति पाएर नेकपा-माओवादीले
(**बाँकी अन्तिम पेजमा**)

## सम्पर्कविहीन हुँदै माओवादी नेताहरू

काठमाडौँ । आउँदो मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनलाई बहिष्कार गरेको नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाका केन्द्रीय नेताहरू धमाधम आ-आफ्ना जिल्ला सदरमुकाम छोड्न थालेका छन् । चुनाव विथोल्नेलाई कडा कारबाही गर्ने सरकारी चेतावनीका कारण नेकपा-माओवादीका जिल्ला नेता र केही केन्द्रीय नेताहरू सम्पर्कविहीन अवस्थामा बस्न थालेका छन् । त्यसै क्रममा पूर्वी पहाडी जिल्लाहरू ताप्लेजुङ, पाँचथर लगायतका अन्य केही जिल्लाका नेताहरू सम्पर्कविहीन भएका छन् । मेची अञ्चलका पाँच जना नेकपा-माओवादीका कार्यकर्ताहरू पक्राउ परेपछि अन्य नेताहरू सम्पर्कविहीन बस्नु परेको उनीहरूले बताएका छन् । सम्पर्कमा रहेका नेताहरूले समेत कहाँ हुनुहुन्छ (**बाँकी अन्तिम पेजमा**)

## 'टुरिस्ट' उम्मेदवारलाई हराऔं

काठमाडौँ । संविधानसभाको दोस्रो निर्वाचनका लागि आउँदो मंसिर ४ मा सम्पन्न हुने चुनावमा केही दलका शीर्ष नेताहरू आ-आफ्नो गृह जिल्लाबाहेक अन्य जिल्लामा गएर उम्मेदवार बनेपछि एक प्रकारले राजनीतिक माहोल स्थानीय उम्मेदवारहरूकै पक्षमा जाने संकेतहरू देखिएका छन् । ठूला पार्टीका प्रभावशाली नेताहरू आफ्नो क्षेत्रबाहेक अन्य क्षेत्रमा गएर टुरिस्ट उम्मेदवार





(**बाँकी अन्तिम पेजमा**)

# वैद्यका जायज माग वेवास्ता गरियो

काठमाडौँ । हालै गोरखाबाट जागरण कार्यक्रम सुरू गरेर मेची-महाकाली सम्मको यात्रा पूरा गरी चुनावी सभामा सामेल हुन राप्रपा नेपालका अध्यक्ष कमल थापा देश दौडाहामा लागेका छन् । राप्रपा नेपालले गरेको जागरण कार्यक्रममा जनताले देखाएको उत्साह र सहयोगले गर्दा जनता राप्रपा नेपालप्रति आकर्षित भएको राप्रपा नेपालका एक नेताले बताएका छन् ।

त्यसै क्रममा चुनावी सभालाई सम्वोधन गर्दै राप्रपा नेपालका अध्यक्ष कमल थापाले एमाओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूका कारण नेकपा-माओवादी सहितका ३३ दलले चुनाव बहिष्कारको मोर्चा नै बनाएर चुनावको विरोधमा उत्रिएको बताउँदै यिनै चार दलको अकर्मण्यताका कारण उनीहरू चुनावमा नआएको बताएका छन् । पाँचथरको फिदिममा हालै आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष थापाले शान्ति
(**बाँकी अन्तिम पेजमा**)

# द्वन्द्व चर्काउने नै भए त

***शाश्वत शर्मा खतिवडा***

एउटा ठूलो एवं प्रभावशाली हिस्सालाई बाहेक गरेर गरिन लागिएको संविधानसभा-२ को कथित चुनाव सम्पन्न हुन अब दश दिन मात्र बाँकी छ । त्यसो त, एकथरी यस्ता पनि भेटिएका छन्, जो आउँदोसोमबार अर्थात् कार्तिक २५ गतेदेखि बहिष्कारवादीहरू नेकपा-माओवादी र उःसँग सम्वद्ध दलहरूको 'कृयाकलाप'हरूलाई हेरेपछि मात्र चुनावको बारेमा केही भन्न सकिने तर्क दिँदैछन् । जिल्ला जिल्लाहरूमा मात्रै होइन कि, यही राजधानी भित्रै पनि चुनाव बिथोल्ने गरी तेर्साइएका र राखिएका तगाराहरू आउँदो सोमबारदेखि अझै 'प्रभावशाली ढंग'बाट राखियो भने त्यसपछि निर्वाचन आयोग र स्वयं मन्त्रिपरिषद्लाई पनि सोच्न (



!) बाध्य तुल्याउने उनीहरूको तर्क छ । त्यसो त अहिले देशको मूल कानुन संविधान निर्माण गर्नका लागि गरिन लागिएको संविधानसभा-२ को चुनाव प्रचार जसरी भइरहेको छ, त्यो एकदमै कमजोर र अपुग ढंगबाट भैरहेको छ भनेर विश्लेषण गर्ने पनि धेरै नै छन् । उनीहरूको मत अनुसार अहिले पार्टीहरूले र स्वयं निर्वाचन आयोगले समेत कारगार ढंगबाट मतदाताहरूलाई जागरूक गराउने र बढीभन्दा बढी यसमा सहभागीताका लागि प्रोत्साहित गर्ने वातावरण बनाउन सकिरहेको छैन । जतिसुकै मुलुक 'चुनावमय' भएको भनेर फलाकेता पनि मतदाताहरूमा उत्साह न त पार्टीहरूले जगाउन सकेका छन् न त निर्वाचन आयोगले नै !! बाँकी कसर बाटो बाटोमा राखिएको तगाराहरू र प्रचार स्थलहरूमा राखिएका 'बम'हरूले पूरा गरिरहेका छन् । अर्थात्, मतदाताहरूको 'कम उत्साह' मा बहिष्कारवादीहरूको भययुक्त
(**बाँकी अन्तिम पेजमा**)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

*– अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

## दोस्रो संविधानसभाले संविधान देला त ?

देशभरमा निर्वाचनको लहर चलिरहेका बेला नेपालीहरुको महान् चाड दीपावली भर्खरै मात्र समाप्त भएको छ । यसपालिको दीपावली नेपाली जनताको लागि उत्साहजनक भएको छ । त्यसको एउटै कारण हो मंसिर ४ मा संविधानसभाको दोस्रो निर्वाचन हुने भएपछि विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु दीपावलीमा त्ँसमेत जनताको घर दैलोमा उपस्थित भएर आ-आफ्नो पार्टीलाई मतदान गर्न आग्रह गरिरहेका थिए ।

लोकतान्त्रिक प्रणालीको आधारस्तम्भ भनिने निर्वाचनको भूमिका मुलुकको शान्ति र समृद्धिको लागि महत्वपूर्ण मानिन्छ । अझ भन्ने हो भने मंसिर ४ मा हुने चुनाव आवधिक निर्वाचनभन्दा कैयौं गुणाले बढी महत्वपूर्ण रहेको छ । अहिले हुने चुनावपछि गठन हुने संविधानसभाले संविधान निर्माण गर्ने हुनाले यसको महत्व बढी भएको हो । हुन त २०६४ साल चैत्र २८ गते पनि संविधानसभाको निर्वाचन भएको थियो । संविधान निर्माण गर्न भनेर जनताले दुई वर्षको म्याद दिएर संविधानसभामा पठाएका प्रतिनिधिहरुले संविधान निर्माण गर्न सकेनन् । दलहरुको अकर्मण्यता र असफलताले गर्दा संविधान निर्माण नै नगरी संविधानसभाको हत्या गरियो । १० वर्षसम्म जनयुद्ध गरेर संविधानसभाको माग गर्ने पार्टीका नेता नै प्रधानमन्त्री भएको बेला आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर उनले संविधानसभाको हत्या गरिदिए । संविधानसभाको माग गर्ने पार्टीले नै संविधानसभाको हत्या गर्नुले नेपाली जनतामा एक प्रकारको आक्रोश अहिले पनि रहेकै छ ।

चुनाव यतिबेला विकल्पहीन विकल्प हो । यसले जनस्तरमा पनि यसप्रति बढी नै आकांक्षा राखेको छ । हालै सकिएको दीपावलीको देउसीभैलो गीतहरुमा समेत जनताले राजनीति र चुनावबाट राखेको आकांक्षा प्रष्फुटन गरिरहेका थिए । पर्वका भेलाहरुमासमेत चुनावी गफले प्राथमिकता पाएको थियो । चुनावका धेरै आयामहरु भए पनि त्यसमध्येका दुईवटा ठूला कुराको महत्व बढी थियो । एक, दलहरुबीच सहमती हुन नसक्दा सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनु । त्यो अवस्थालाई विस्थापित गर्नका लागि पनि चुनाव अनिवार्य भएको हो । चुनावपछि त्यो अवस्था समाप्त हुने र दलहरुकै सहमतिमा अर्को सरकार निर्माण हुने भएको हुनाले पनि चुनाव अनिवार्य भएको हो । त्यसपछि मुलुक फेरि दलीय नेतृत्वकै सरकारमा फर्कने छ । दोस्रो महत्वपूर्ण कुरा भनेको संविधान निर्माणको ऐतिहासिक कार्यसूची त्यसले गर्नेछ । त्यो चुनावले मात्र सम्भव देखिएको छ । दलहरुबीच चुनाव सम्पन्न भएर पनि सहमति र सहकार्य हुन सकेन भने त्यसले मुलुकलाई द्वन्द्वतर्फ धकेल्न सक्ने र अहिलेसम्म प्राप्त भएका उपलब्धिहरु समेत गुम्न सक्ने भएको हुनाले त्यसतर्फ दलहरुले सोच्नै पर्ने अवस्था आएको छ ।

मुलुक चुनावको यात्रामा अगाडि बढिरहेको बेला केही दलहरुले यसको विरोध गरिरहेका छन् । यसरी चुनावको विरोध गर्नुपर्ने अवस्थाको सिर्जना स्वयम् दलहरुले नै गरेका हुन् । नेकपा-माओवादीसहितका ३३ दलले राखेका जायज मागहरु बेलैमा सम्वोधन गरी उनीहरुलाई समेत चुनावमा सहभागी गराउनु पर्दथ्यो तर एमाओवादीको हठका कारण त्यसो हुन नसकेपछि नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चा चुनाव विरोधमा उत्रिएको छ । त्यति मात्र होइन, चुनावमा प्रतिस्पर्धा गरिरहेका कतिपय नेताहरुले चुनाव सार्नुपर्ने अभिप्रायका बोलीहरुसमेत बोल्न थालेका छन् । त्यस्ता अभिव्यक्तिहरुले चुनावविरोधीहरुलाई नै बल पुग्ने प्रायःनिश्चित जस्तै देखिएको छ । चुनावप्रति दलहरुमा देखिएको उत्साह, यसमा भएको लगानी र अन्य केही विकल्पहरुसमेत नदेखिएको हुनाले अब निर्वाचन हुनु अनिवार्य जस्तै भएको छ । आउँदो चुनावले सक्षम राजनीतिक नेतृत्व दिन सक्नु पर्दछ । र त्यो नेतृत्वले जनताका आकांक्षा सम्वोधन गर्दै नयाँ संविधान जारी गर्न सकेको खण्डमा मात्र मंसिर ४ मा हुने निर्वाचनले सार्थकता पाउन सक्छ ।

नेकपा-माओवादीसहितका अन्य ३३ दललाई देखाएर र आफ्नो पराजय हुने डरले एमाओवादी नेतृत्व नै चुनाव सार्ने पक्षमा रहेको आभास पाउन थालिएको हुनाले अब अन्य सबै दलहरु एकजुट भएर चुनाव मंसिर ४ मै गराउन एमाओवादीलाई दबाब दिन पछि पर्नु हुन्न भन्ने हामीले ठानेका छौं ।

# नेपालमा राजा र राजतन्त्र

राजा र राजतन्त्र : राजाले गर्ने शासनलाई राजतन्त्र भनिन्छ । यो वैदिक कालदेखि कायम छ । राजसंस्थामा राजा एक जना व्यक्तिलाई भनिए पनि त्यो व्यक्ति नभएर संस्था हुन्छ ।

बेदको अर्थ नै ज्ञान हो । वेद अपौरूषेय ग्रन्थ हो । अथवा कुनै व्यक्ति बिशेषले यसलाई बनाएको होइन । राज्य व्यवस्था चलाउने राजतन्त्र ज्ञानको एउटा पाटो हो । राजा शब्द वैदिककालीन हो । राजा शब्दको अर्थ खुशी पार्ने. हुन्छ, प्रजारञ्जन हुन्छ । त्यसै गरेर अग्रेजीमा ग्रीक भाषाको मोनो आर्केइन बाट मोनार्की शब्द बनेको हो । यसको अर्थ एक जनाले गर्ने शासन भन्ने हुन्छ । तर वैदिक राजामा त्यस्तो अर्थ हुँदैन । वैदिक राजा माध्यम मात्र हुन्छ । प्रमुख र सर्बोच्च मात्र हुन्छ तर एक्लै शासन गर्दैन र गर्न पाउँदैन । देशमाशासन राजाको नाममा भए पनि शासन जनताले अथवा जन बिचारले अथवा जनचाहनाले गर्दछ । राजसभा, पञ्चायत जस्ता एकाईबाट गरिन्छ । राजसभा आजको संसद जस्तो हो भने पञ्चायत स्थानीय स्वायत्त शासन पद्धति हो । नैतिक आदर्शले भरपूर भएका समाजका सर्बोत्तम नरनारीले गर्ने सर्बसुलभ र सर्बमान्य शासन हो । यसका कार्यकर्ता प्राय अबैतनिक र धर्मले बाँधिएका हुन्छन् । धर्म राज्य र धर्म शासन आफैमा सत्य र न्यायमा आधारित हुन्छ । आदर्श हुन्छ । पक्षपात मोलाहिजा जस्ता कुनै बिकारले छोएको हुँदैन । यसरी वैदिक राजतन्त्रको शासन पूरापूरप्रजातान्त्रिक पद्धतिमा आधारित हुन्छ । राजा जनताका साझा सहयोगी नेता हुन्छन् ।

सृष्टिको कालदेखि अथवा सत्य युगदेखि नेपालमा कुनै न कुनै राजाले नै शासन गर्दै आएका छन् । यो भूखण्ड कहिल्यै राजा बिहीन अवस्थामा रहेको छैन । सबै राजाले शासन गरेको भूक्षेत्र भने एकै नासे रहेको पाइदैन तर राजा भने सदासर्बदा अटुट रूपमा कायम छन् । राजा निरन्तरको विषय हो । राजा, हुमे र डुमे कहिल्यै नफेरिने बस्तु हुन् भनेर नेपाली जन जिब्रोमाप्रचलित रहेको पाइन्छ । अभिलेख, इतिहास आदिले पुष्टि भए अनुसार सुरूदेखि आजसम्म यस्ता १९२ जना राजाले यस भूभागमा शासन गरेको अभिलेख पाइन्छ । मानव शास्त्रको सिद्धान्त अनुसार हिसाव गर्दा त्यो शासनकाल लगभग ४८०० बर्ष हुन्छ । त्यो समय भनेको लगभग श्रीकृष्णको चरित्रको गाथा घन्केको समय हुन्छ । गोपाल र महिषपाल, अहिरहरूको राज्यको भएको कुरा स्वभाबिक नै देखिन्छ । यहाँ महिषपाल, गोपाल, लिच्छवी , किराँत, मल्ल र शाह राजाहरूले शासन गरेको इतिहास छ । यी सबै राजा बैदिक सनातनी हिन्दु राजा नै हुन् । तिनताक सम्म इशाई र मुसलमान सम्प्रदायको जन्म नै भएको थिएन । धर्म र सम्प्रदायको कुराको पनि बहस चल्ने अवस्थै थिएन । विश्वभरि एउटा धर्म थियो, वेदमा आधारित अर्थात वैदिक धर्म । अपौरूषीय धर्म । कुनै सम्प्रदाय जन्मिएको थिएन । संसारभरी वैदिक ( हिन्दु) राजाले संरक्षण सम्बर्धन, जिर्णोद्धार गर्दै आएका थिए । युरोपमा पुगेका आर्यले पनि त्यस्तै शासन गर्ने गर्दथे । नेपालमा त्यहि परम्परा आजसम्म पनि हामीले मान्दै आएका छौं । धर्म शास्वत सत्य कुरा हो । त्यो सत्य धर्मका अनुयायी बस्ने थलो हो । भूगोलका आधारमा अथवा वसोबासको थलोको आधारमा धर्म हिन्दुधर्म नाम भएको हो । त्यस अवस्थाको हिन्दुधर्म र धर्ममा कुनै फरक थिएन । त्यसपछि अपब्याख्या या तिनमा मत बिभेद भए पछि हिन्दुधर्म हिन्दुसम्प्रदाय भएको हो । बौद्ध, जैन, शिख आदि हिन्दुधर्म भित्रका सम्प्रदाय हुन् । हिनयान, महायान, बज्रयान बौद्ध सम्प्रदायभित्रका उपसम्प्रदाय हुन् । यी मानवकृत हुन् । धर्मको अङ्गका रूपमा काम गरेका हुन् । त्यस्तै अन्य सबै सम्प्रदाय भित्र पनि पुनः उपसंप्रदाय जन्मिएपछि यो सत्य र न्यायबाट पनि टाढा गएर राजनीतिक दल झै धार्मिक दलमा बिभक्त भएको पाइन्छ । यसरी धर्म सम्प्रदायमा र सम्प्रदाय दलका रूपमा परिणत हुदै जानु यथार्थमा दुखद कुरा हो । जुन त्यसबेला जन्मिएका थिएनन् । आज बौद्ध र हिन्दु भनेर फरक रूपले हेर्ने, अर्थ्याउने, होच्याउने, राजनीतिका दाउपेचका कुरा मात्र हुन् । ज्ञानको अभावले जन्मिएका कुतर्क हुन् ।

इन्द्रजात्रा, कुमारी दर्शन, शिवरात्री, मच्छिन्द्रनाथ, कोजाग्रत, नवदुर्गा, गोरखनाथ, गोरखकाली सहितका सयौं शक्तिपीठ आदि हजारौं देव पूजन, कीर्तन, भजन, सबै खाले धार्मिक कृत्यले हाम्रा समाजलाई आस्थावान बनाई राख्नुमा यिनै वैदिक राजाहरूको हात छ । धर्ममा राजाको भूमिका छ । समाजलाई समुन्नत बनाउनु, कला संस्कृति र संस्कारको संरक्षण गर्नु, मठमन्दिरको निर्माण गर्नु सबै श्रेय राजालाई जान्छ । आज हामी जे छौं, जे कुरालाई वैदिक, सनातन, नेपाली वा धार्मिक भनेर भन्दछौं यिनैको उपादेयता हो । कुनै पनि बंशका कुनै पनि राजाले बैदिक धरोहर वा सम्पदालाई निरन्तरता मात्र दिए, कसैले कसैको योगदानलाई बिगार्ने बिनाश गर्ने गरेनन् । सबैले इटा थप्ने काम मात्र गरेको कुरामा इतिहास साक्षी छ । त्यसले समाजलाई कहिल्यै नास्तिक हुन दिएन । इशाइको हमला अथवा लर्ड मेकालेको षडयन्त्रात्मक संस्कार बिनाशको अभियान जस्तो शत्रुवत काम कुनै पनि राजाले यस भूमिमा गरेनन् । त्यसकारण हाम्रो समाज सदा नीतिवान र आस्थावान भएर रहेको हो । त्यो कुरा मेकालेको सन १८३२ को प्रतिवेदनले पनि पुष्टि गर्दछ । आज पनि शक्ति पीठमा पूजा गर्ने पहिलो अधिकार यिनै हिन्दु राजालाई छ । भद्रकाली मन्दिरमा राजाले मात्र खड्ग साट्न पाउँदछन् । अंग्रेजले छाडेपछि भारतलाई गणतन्त्र बनाइएकाले त्यहाँका कैयौं शक्तिपीठमा नेपालका हिन्दु राजालाई मात्र पूजा अर्चना गर्ने हक छ । बौद्ध सम्प्रदाय बिशेषले गर्ने सम्यकपूजा पनि राजाको पाउमा नै हुने गर्दछ । हिन्दु राजा भएको पृथ्वीको एक मात्र हिन्दुराष्ट्र नेपाल पनि राजा नराखेपछि, हिन्दु धर्मको सनातनी निरन्तरतालाई नै अपठेरो परेकोछ । हिन्दुराष्ट्र र हिन्दुराजा हटाएपछि भारतको वैदिक सभ्यतामा परेको नकारात्मक प्रभावको कुरा भारतबाट पनि सिक्न सकिन्छ । किनकि अर्को ठाउँमा अर्को हिन्दुराज्य अब बाँकी छैन । अथवा विश्वसम्पदा नै बनेको हिन्दु राजा पनि पाखा लगाउने कुरातिर लागेकोले विश्वका सबै सम्पदाप्रिय मानिसले यस उपर चासो राखेर बचाउनु पर्ने बेला छ ।

*इमेलबाट प्राप्त*

## ईश्वरको ट्याङ्की मात्रै रित्तिने

काठमाडौँ । बहुदलीय शासन भएका बेलामा पैसा राख्ने ठाउँ नपाएर पानी टैंकीमा समेत नोटका बण्डल



लुकाएको आरोप लागेर चर्चामा आएका एमाले महासचिव ईश्वर पोखरेलको चुनावी माहोल एकाएक गडबडाउन पुगेको छ । सबैले काठमाडौँ ५ मा ईश्वर पोखरेल जित्छन् भनेर हल्ला गरिदिँदा हौसिएका ईश्वर पोखरेलले धमाधम स्थानीय क्लब, युवाहरूलाई पैसा बाँड्न थालेका थिए । उनले पैसा बाँड्ने क्रम झन् बढाएका छन् । तर उनको ट्याङ्की रित्तिएमा पनि चुनाव जित्न नसक्ने अनुमान एमालेभित्रै छलफल हुन थालेको छ ।

सुरूमा राजधानीमा ५ सिट जित्ने दाबी गरेको एमालेले अहिले काठमाडौँ २ मा माधवकुमार नेपालको स्थितिसमेत खस्किसकेको देखेका छन् । काठमाडौँ ९ मा कृष्णगोपाल श्रेष्ठ बाहेक एमालेले अरू सिट नजित्ने प्रारम्भिक पर्यवेक्षण हुन थालेको छ । यसकारण पनि केपी ओली पक्षका एमाले पंक्तिले चर्चा गर्न सुरू गरेको छ- ट्याङ्की मात्र रित्तिने भो त ?

## एमाले डल्लै चिप्लिने

काठमाडौँ । एमालेको बल्खु दरबारभित्र बसेको वैठकले अब बल र रणनीति नलगाउने हो भने शीर्ष नेताहरू सखाप हुने खतरा देखेको छ ।

रौतहट र काठमाडौँ-२ बाट उठेका पूर्व महासचिव माधवकुमार नेपाल फेरि दुवै क्षेत्रबाट चिप्लिने सम्भावना छ । अध्यक्ष झलनाथ खनालको इलाम १ बाट 'रेड जोन' मा परेको बताइन्छ भने ईश्वर पोखरेल ( महासचिव) काठमाडौँ ५ मा तीन बल्ड्याङ खानसक्ने अनुमान गरिएको छ । अर्का नेता वामदेव गौतम प्यूठान र वर्दिया-१ बाट जित्न नसक्ने रिपोर्ट पार्टी कार्यालयमा आएको छ । एमालेमाथि चुनावको मुखमा देखिएको यो खतरासँग कसरी जुध्ने र निर्वाचनबाट अस्तित्व बचाउने भन्ने सम्बन्धमा नीतिकारहरू व्यापक मायापन्थी गर्न थालेका छन् । थप स्रोत र साधन जुटाउन र निर्वाचनमा नेतृत्व तहलाई चिप्लिनबाट बचाउन एमाले कम्मर कसेर लाग्ने भएको छ । एमालेभित्र मतदान सुरू हुनुभन्दा अघिल्लो रात व्यापक साधनस्रोत बाँडेर भए पनि भोट र नतिजा आफ्नो पक्षमा पार्नुपर्छ भनेर योजना तयार गर्न थालेको छ । तर इलाम-२ का एमाले नेता सुवास नेम्वाङले भने प्रचण्ड र वैद्य दुवैलाई गुहार लगाएको बुझिएको छ ।

## प्रचण्ड र रेबीच वार्ता

काठमाडौँ । चुनावमा दुई तिहाई ल्याएर राजनेता, कार्यकारी राष्ट्रपति खान्छु भनेर चुनावमा होमिएका एमाओवादी अध्यक्ष प्रचण्डले भारतीय राजदूत रन्जित रेसँग वार्ता गरेका छन् । यी दुईबीच चुनावको मुखमा के वार्ता भयो होला ? प्रचण्ड पैसावाला नेता भएकाले उनले पैसा होइन, समर्थन मागेको हुनसक्ने अनुमान छ । हुन पनि प्रचण्डले ०६३ सालपछि नेपाललाई भारत, भारतीयमय बनाइदिएका छन् । भारतको समर्थन बिना चुनाव लड्न, जित्न, सरकार बनाउन र चलाउन सकिँदैन भन्ने राम्रोसँग बुझेका प्रचण्डले चुनावको मुखमा भारतीय राजदूतमार्फत भारतको समर्थन खोज्नुले प्रचण्डको राजनेताको अनुहार देखिएन त ?

# पूर्वराजाद्वारा मतदान गर्न आह्वान



राजन कार्की

मंसिर ४ मा निर्वाचन हुनुपर्छ भनेर पूर्वराजाले आममतदातालाई आह्वान गरेपछि विदेशीभन्दा स्वदेशी पूर्वराजा पहिला भएका छन् । पूर्वराजाले कार्तिक १९ गते यस्तो आह्वान गरेपछि २० गते नेपालमा रहेका सबै कूटनीतिज्ञहरूले बैठक गरेर निर्वाचनमा बाधा नपुऱ्याउन सबैसँग अपील गर्दै व्यक्तिगत स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न आमहड्तालीहरूलाई दबाब दिएका छन् ।

चीन, भारत, जापान, अमेरिका, युरोपियन युनियनहरूले निर्वाचनका लागि चाहिने साधन र सामग्रीहरू पठाइरहेका छन् । कुनै पनि चिज अथवा स्रोतले निर्वाचनमा अप्ठेरो पऱ्यो भन्ने स्थिति छैन । हाम्रा मित्र र छिमेकी मुलुकहरूले नेपालमा शान्ति, स्थिरता र बिधिको शासन होस् भन्ने चाहेर नै यसरी समर्थन गर्दै सहयोग जुटाइरहेका हुन् भनेर मान्नुपर्छ । मंसिर ४ को निर्वाचनका लागि केही कुराको अभाव खड्किएको छ भने त्यो राजनीतिक सहमतिको मात्र हो । राजनीतिक सहमति बनाएर निर्वाचनमा जान सकेको भए मंसिर ४ को निर्वाचन विश्वमै उदाहरणीय हुनेथियो । त्यसो त संविधानसभाको दुईपल्ट निर्वाचन भएर राजनीतिक संकटको निवारण गर्ने मुलुक पनि नेपाल नै हुनेथियो । राजनीतिक सहमति नभएका कारण राजनीतिक बिबादहरूको टुङ्गो लाग्ला कि नलाग्ला ? निर्वाचन अथवा निर्वाचनपछि के होला ? भविष्य अनिश्चयको बन्दी बन्न पुगेको छ ।

सबैलाई कौतुहल थियो, पूर्वराजाले संविधानसभाको निर्वाचनमा मतदान गर्लान् कि नगर्लान् ? पूर्वराजाले कुन दलका कुन नेतालाई समर्थन गरेर मत देलान् ? पूर्वराजाले आफ्नो अधिकारको प्रयोग त गर्लान् तर पूर्वराजा प्रजातन्त्रका बिरोधी होइनन्, देशमा शान्ति स्थापना होस् र संवैधानिक शासन चलोस् भन्ने पक्षमा छन् भन्ने फेरि एकपटक स्पष्ट भएको छ । पूर्वराजाको यो सकारात्मक सोचले उनलाई निषेध र बिभेद गर्ने राजनीतिक दलहरूका लागिसमेत आश्चर्यमा पार्ने घटना हुनपुगेको छ ।

राजनीतिक दलका नेताहरू बैद्य माओवादी र पूर्वराजा निर्वाचन भाँड्ने षडयन्त्र गर्दैछन् भन्ने ढ्वाङ फुकिरहेको स्थितिमा कार्तिक १९ गते भाइटिका लगाइसकेपछि पत्रकारहरूले सोधे- निर्वैँचनमा तपाईको भूमिका के हुनेछ ? मुसुक्क हाँसेर पूर्वराजा ज्ञानेन्द्र शाहले हाजिरजवाफ पारामा उत्तर दिइहाले- सबै मतदाताहरूले आफ्नो मतदानको अधिकार प्रयोग गर्नुपर्छ, जनइच्छा के हो, जनादेश दिनुपर्छ ।

हो, पूर्वराजाले सत्य बोलेका छन्, प्रजातन्त्र अभिव्यक्त गरेका छन् । जसरी संविधानसभाको बैठकले २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन गर्ने निर्णय गऱ्यो र १५ दिनभित्र राजदरवार छोड्न आदेश दियो, त्यसको इमान्दार नागरिक बनेर परिपालन गरेका थिए पूर्वराजाले । पूर्वराजाले कुनै खिचलो गरेनन् र आजसम्म पनि पूर्वराजा नेपाल सरकारका कुनै पनि निर्णय अथवा कानुनको परिपालना गरेर प्रजातान्त्रिक नागरिक सरह बाँचिरहेका छन् । बिधि र नागरिकको कुरा गर्ने हो भने पूर्वराजा ज्ञानेन्द्रमाथि शंका गर्नु अथवा उनले राजतन्त्र फर्काउन षडयन्त्र गरिरहेका छन् भन्नु पूर्वाग्रह मात्र हो । पूर्वराजा देवदेवीको पूजा गर्न विभिन्न पीठहरूमा पुग्नु अथवा महाकालीको बाढीग्रस्त क्षेत्रमा राहत बोकेर जानु राजतन्त्र फर्काउने मेलो हो भनेर जुन आरोप लगाइएको छ, त्यसमा राजनीतिक असफलताको गन्धमात्र गनाउँछ । आफू कुहिगन्धे भएर स्वार्थको नालीमा लटपटिइरहने अनि पूर्वराजामाथि आरोप थोपर्नु भनेको हाम्रा नेताहरूले आकाशतिर फर्केर थुकिरहनु हो ।

०६३ सालको परिवर्तनपछि राजनीतिक दल र नेताहरूले के पाएनन्, जनताले के दिएनन् ? यिनले जनादेश विनाको निर्णय गर्दासमेत जनताले सहिरहे । स्वागत गरिरहे । दुईवर्षमा लेख्ने संविधान चारवर्षमा पनि लेख्न नसकेर संविधानसभा नै भङ्ग गरिदिए, तैपनि जनताले प्रतिवाद गरेनन् । अर्को संविधानसभाको निर्वाचनमा जाने भनेर मंसिर ४ गतेको साइत जुराएका छन् । त्यसमा पनि जनताले हस्तक्षेप गरेका छैनन् । कति प्रतिशतले मतदान गर्लान् वा नगर्लान्, असन्तुष्ट ३३ दललाई साथ दिएर बहिष्कार गर्लान् ? त्यसको प्रतिक्षा सबैतिर छ । सरकार सेनालाई सुरक्षाको जिम्मा दिएर लम्पसार सुतेको छ, हेर्नुछ, मन्त्रिपरिषद अध्यक्ष तथा प्रधानन्यायाधीश खिलराज रेग्मीको सपना साकार होला कि नहोला ? यो प्रश्न यसकारण पनि महत्वपूर्ण छ कि यतिखेर खिलराज रेग्मी भनेका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सबै अधिकार पाएका लोकतान्त्रिक निजामति जंगबहादुर हुन् । जंगे बनेरै उनले राजनीतिक सहमति र सहमतिमा निर्वाचन नहोस् भनेर प्रधानन्यायाधीशको पदबाट राजीनामा दिन इन्कार गरिदिए । उनको यो इन्कारीमा कति आन्तरिक र कति बाह्य शक्तिको समर्थन र दाउपेच छ भन्ने खुलासा आउने कालखण्डले गर्ला ।

नेकपा-माओवादीका अध्यक्ष बैद्यको नेतृत्वमा रहेको ३३ दलीय निर्वाचन बहिष्कारवादीहरूले भदौ २५ गतेदेखि १० दिने आमहड्तालको आह्वान गरेका छन् । यो आह्वानको मूल परीक्षा पहिलो दिन २५ गते नै हुनेछ र यो परीक्षामा आमहड्तालीपक्ष सफल भयो भने मंसिर ४ को निर्वाचन सोम शर्माको सातुको हाँडी फुटेझैं फुट्नेछ र राजनीतिक सहमति पहिलो आवश्यकता हो भन्ने त्यही दिन सबैलाई छर्लङ्ग हुनजानेछ । आमहड्ताल सफल भएन भने पनि निर्वाचन त होला तर सेनाको सुरक्षा घेरा र ठूलो जमातको बहिष्कारले

**नेकपा-माओवादीका अध्यक्ष बैद्यको नेतृत्वमा रहेको ३३ दलीय निर्वाचन बहिष्कारवादीहरूले भदौ २५ गतेदेखि १० दिने आमहड्तालको आह्वान गरेका छन् । यो आह्वानको मूल परीक्षा पहिलो दिन २५ गते नै हुनेछ र यो परीक्षामा आमहड्तालीपक्ष सफल भयो भने मंसिर ४ को निर्वाचन सोम शर्माको सातुको हाँडी फुटेझैं फुट्नेछ र राजनीतिक सहमति पहिलो आवश्यकता हो भन्ने त्यही दिन सबैलाई छर्लङ्ग हुनजानेछ । आमहड्ताल सफल भएन भने पनि निर्वाचन त होला तर सेनाको सुरक्षा घेरा र ठूलो जमातको बहिष्कारले निर्वाचनको परिणामको र त्यो परिणामबाट निस्कने धुलोधुवाँको उकुसमुकुसबाट बैधानिकताको प्रश्न उठ्नेछ । जनयुद्धको खारमा बहिष्कारको पत्यौल धुवाँ मिसिदा मुलुकमा शान्ति र संविधान होइन, द्वन्द्वको अर्को सुनामी आउनेछ ।**

निर्वैँचनको परिणामको र त्यो परिणामबाट निस्कने धुलोधुवाँको उकुसमुकुसबाट बैधानिकताको प्रश्न उठ्नेछ । जनयुद्धको खारमा बहिष्कारको पत्यौल धुवाँ मिसिदा मुलुकमा शान्ति र संविधान होइन, द्वन्द्वको अर्को सुनामी आउनेछ । जसलाई व्यवस्थापन गर्न वर्तमान संयन्त्रका लागि ढुंगा चपाउनुभन्दा कम हुनेछैन । त्यतिबेला प्रचण्डको ताकत पनि कम पर्ने निश्चित छ ।

जंगलबाट दिनमा सिंहदरवार र रात गुजार्ने बालुवाटार पुगेका प्रचण्डले डेढलाखको खाटमा सुतेकै हुन् र अहिले प्रचण्ड दिनमै ५ लाखको हेलिकोप्टर सयर गरेर निर्वाचनलैई एमाओवादीमय बनाउन लागिपरेका छन् । ०६३ सालपछि सत्तामा हालीमुहाली गर्ने कम्युनिष्टहरू नै हुन् र तिनले मधेसी दलहरूलाई साथमा लिएर शासन चलाएका हुन् । परिवर्तनपछिको कालखण्ड सुखद रहेन, भ्रष्टाचार यसरी बढ्यो कि ट्रान्सपरेन्सी इन्टरनेशनलले समेत नेपालको बजेटमा ८० प्रतिशतसम्म भ्रष्टाचार हुनेगरेको रिपोर्ट सार्वजनिक गरिदियो । तैपनि लज्जाहीनहरूलाइ लाज लागेन र हिंसामुखीहरू हरेक प्रकारका दण्डहीनतालाई प्रसय दिँदै गए । यिनले अपराधी र असामाजिक तत्वहरूलाई समेत उमेदवार बनाएका छन् । यसैबीच भर्खर राजनीतिक शक्तिका रुपमा उभिन र तङ्ग्रिन खोजेको राप्रपा नेपाल र अध्यक्ष कमल थापाले दुईथान गाडीमा प्रचार गर्दा कारवाही गर्ने प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती प्रचण्डको आचार संहिता उल्लंघन देख्दै देख्दैनन् । निर्वाचन भइहाल्यो भने ०६४ सालमा भैं धाँधलीमय नै हुनेछ भन्ने यो बलियो आधार हो । यही आधारले निर्वाचन आयोग पूर्वाग्रही छ भन्ने छनक दिएको छ ।

अर्को आश्चर्य, जुन दिन कटवाल काण्ड घट्यो, त्यसको केही दिन बिस्तारवाद र साम्राज्यवाद देख्ने क्रान्तिकारीका आँखामा विदेशीले भोगटेको चस्मा यसरी लगाइदिए कि चुनावमा सहभागी भएका कुनै पनि दलले विस्तारवाद र साम्राज्यवाद देख्न छाडे । देशको स्वाधीनता र देशवासीको सार्वभौम शक्तिको प्रयोग हुने बेलामा प्रत्येक दलले आफूलाई जनमतको कठघरामा उभ्याउनु पर्ने हो । नेताहरू जनतालाई कठघरामा उभ्याएर परीक्षा लिन थालेको यो घडीमा विदेशी ताकत, भ्रष्टाचारको पैसा र अपराधीहरूको त्रासदीमा जनताले थोत्रे नेताहरूलाई नै बरमाला लगाइदिनुपर्ने बाध्यात्मक परिस्थिति छ । यो निर्वाचनले कुन ऐतिहासिक परिवर्तन ल्याउला, परिवर्तनकारी शक्तिलाई बरण गर्ला, भ्रष्टाचारको खिया सफा पारेर न्यायसंगत वातावरण निर्माण गर्ला अथवा जनअपेक्षित परिवर्तनको मार्ग प्रशस्त पार्ला ? भन्न सकिने आधारहरू क्षीण बन्दै गएका छन् । यी आधारहरू निर्माण गर्न नागरिक समाज, अधिकारकर्मी र संचेतन बर्गको मुख्य भूमिका हुनुपर्थ्यो । यी बर्गहरू कुन दुला पसेका छन् भन्न सकिन्न । केही व्यक्तिहरू दलीय प्रचारमा जुटेका छन् भने कतिपय विदेशी डलरको नशामा चूर भएर बेहोस् छन् । जुन देशमा चेतनशील बर्ग यसरी चेतनाशून्य भएर राष्ट्र र जनताको बेहाललाई टुलुटुलु हेरेर बस्न सक्छन्, त्यस्तो देश असफल हुनेगर्छ र अंगोला अथवा हाइटी, सोमालिया वा सुडान बन्नपुग्छ । हामी त्यही खतरामा खेलिरहेका छौं र यो खतराप्रति खबरदार गर्ने बर्ग जिब्रो तालुमा टाँसेर बसेको छ । केनेडी द्वन्द्व स्कूलका निर्देशक र विश्व शान्ति फाउण्डेशनका सभापति रोबर्ट आई रोटबर्गका अनुसार हिंसात्मक आन्दोलनमात्र असफल राष्ट्र हुनुका दोष होइनन् भन्ने विश्लेषण गर्दै भन्नुहुन्छ : राजनीतिक र भौगोलिक रुपमा आन्दोलितहरूले जब राजनीतिक अधिकार र स्वायत्तताको अधिकार माग्ने गर्छन् तब राष्ट्र असफल हुने खतरा बढ्छ । जब समाजको रहनसहन भताभुङ्ग हुन्छ र आन्तरिक युद्धका कारणले जनजीवन अस्तब्यस्त हुन्छ, त्यस्तो अवस्थामा राज्यले जनताप्रतिको दायित्व निर्वाह गर्न सक्दैन । यस्तो अवस्था असफल राष्ट्र हुने लक्ष्यणहरू हुन् । हामी नेपाली त्यही महारोगको लक्ष्यणग्रस्त भएका छौं । तैपनि डाक्टररूपी राजनीति र कम्पाउण्डररूपी चेतनशील बर्ग भविष्यमाथि खेलबाड गरिरहेका छन् । यो खेलबाड मंसिर ४ को निर्वाचनपछि रोकिनेछ, अग्रगमनको राजमार्ग निर्माण हुनेछ र बिधियुक्त शासनको सुरूआत हुनेछ भनेर एउटा पार्टी अथवा एउटा नेताले पनि जनतासँग कबुल गरेका छैनन् । सबै जनताको आँखामा छारो हाल्ने, संविधानसभाको निर्वाचनका विकासका आश्वासन बाँड्ने र भोट तान्ने अनेक बहानाबाजी गरिरहेका छन् ।

यस्तो स्थितिमा पूर्वराजाले सबै मतदातालाई मतदान गर्न आह्वान गरेर जिम्मेवारीप्रति सचेत गराउने प्रयास गरेको मान्नुपर्छ । चुनाव हुनुपर्छ भन्ने व्यवहारिक मान्यताको प्रतिध्वनी हो यो । पूर्वराजाले संविधानसभाको निर्वैँचनको सफलताकजभै कामना गर्नु, मतदातालाई मतदान गर्न उत्प्रेरित पार्नु र सबैले जिम्मेवारीप्रति सतर्क हुनुपर्छ भन्ने अपेक्षा राख्नुलाई राजनीतिक दलहरूले धन्यवाद दिनु उपयुक्त हुनेछ । चेतना भया, पूर्वराजा अहिले पनि राजनीतिक शक्ति हुन् र पूर्वराजा राजनीतिक दलहरूले किनारा लगाउँदा समेत यसरी असल नागरिकको कर्तव्य निर्वाहमा कुनै हिचकिचाहटबिना निर्वाचनको पक्षमा अगाडि सर्छन भने उनी धन्यवादका पात्र छन् ।




## दिल्लीका दुई हेडक्वार्टर

काठमाडौं । मंसिर ४ को निर्वाचनमा कसलाई जिताउने, कसलाई हराउने, कसलाईं उफारेर पछार्ने भन्ने रणनीति कार्यान्वयन गर्न नेपालमा दिल्लीले दुई हेडक्वार्टर र मित्र 'मिसन' सञ्चालन गरेको छ । पहिलो र मुख्य हेडक्वार्टर भारतीय दूतावाससँग र दोस्रो वीरगञ्जस्थित महावाणिज्य दूतावासभित्र । वीरगञ्जको महावाणिज्य दूतावासले मधेसका २१ जिल्लामा आफ्ना उम्मेदवारलाई जिताउन भारूको खोलो बगाउन थालिसकेको छ । पहिले जस्तै पैसाको प्रभावमा मधेसको निर्वाचन नतिजा आउने निश्चित छ भन्दा हुन्छ ।

दोस्रो, पहाड, हिमालका मतदातालाई भूपू सैनिकसमेत परिचालन गरेर आफ्ना दलाल उम्मेदवारलाई जिताउन भारतीय दूतावासको 'सेल' विशेष अनुसन्धान र परिचालन गरिरहेको छ । 'र' का चीफ आलोक दुईपल्ट नेपाल आएर फर्किसकेका छन् भने मंसिर २ गते पनि 'र' को गस्तीले निर्णायक चुनावी भ्रमण गर्ने कार्यक्रम रहेको स्रोत भन्छ । ०६४ सालको निर्वाचनमा दूतावासको गलत रिपोर्टका कारण दिल्ली ढुक्क बस्यो र प्रचण्ड दलले 'डरलाग्दो गरी चुनाव जित्यो ।' अब त्यस्तो नहोस् भनेर दिल्ली बढी चनाखो भएको विश्लेषण गरिँदैछ । यद्यपि प्रचण्डले म दिल्लीकै हुँ भन्ने व्यवहार देखाइरहेको स्मरणीय देखिन्छ ।

# Why October 27 is the Blackest Day for Kashmiris!

*M Raza Malik*

The people of Jammu and Kashmir have been engaged in a peaceful struggle to achieve freedom from India for the past several decades and the worst kind of Indian state terrorism during all these years has failed to intimidate them into submission.

The sufferings of Kashmiri people started with the landing of Indian army in Jammu and Kashmir on October 27 in 1947. Since then the Kashmiris on both sides of the Line of Control and across the globe are observing the day as Black Day and consider it as the blackest day in the history of Kashmir. India had landed its troops in Jammu and Kashmir in complete disregard to the Indian Independence Act and Partition Plan in 1947, which stated that the Indian British Colony would be divided into two sovereign states, India, with Hindu-majority areas, and Pakistan, with the Muslim-majority areas of Western provinces and east Bengal.

The Partition Plan had given the then princely states the choice to join either of the two countries on the basis of their geographical situation and communal amity but India forcibly occupied Hyderabad, Junagarh and Jammu and Kashmir. Hyderabad and Junagarh were Hindu-majority states but their rulers were Muslims. Jammu and Kashmir was a Muslim-majority state and had a natural tendency to accede to Pakistan, but its then Hindu ruler, Maharaja Hari Singh, destroyed the future of Kashmiri people by announcing its accession to India under a controversial document (Instrument of Accession). Many neutral observers like British historian, Alistair Lamb, reject the existence of any such document with the argument that if it were there then Indian government would have made it public either officially or at any international forum. Indian troops, the forces of Dogra Maharaja, and Hindu extremists massacred over three hundred thousand Kashmiri Muslims within a period of two months with the intention to change the demographic composition of the territory.

It is also a reality that the so-called Boundary Commission, headed by British Barrister, Cyril Radcliff, that demarcated partition line between Pakistan and India, played a pivotal role in paving the way for Indian illegal occupation of Kashmir. The Commission split Gurdaspur, a Muslim majority area, under a conspiracy, and handed it over to India, providing it land route to Jammu and Kashmir.

Right from first day, the people of Kashmir did not accept Indian illegal occupation and started an armed struggle supported by a public uprising in 1947. After sensing defeat to its forces, India approached the UN Security Council on January 1, 1948, seeking its help to settle the dispute over Kashmir. Indian invasion and occupation of Kashmir was nullified by the successive UN Security Council resolutions. The Security Council passed two resolutions on August 13, 1948, and January 5, 1949, which were accepted both by Pakistan and India. Through these resolutions, the UN approved a ceasefire, demarcation of the ceasefire line, demilitarization of the state and a free and impartial plebiscite to be conducted under the supervision of the United Nations. Although one phase of these resolutions (ceasefire and demarcation of ceasefire line) was implemented while demilitarization of the occupied territory and holding of a plebiscite still remain unimplemented.

The Kashmiris' determination and international pressure forced Indian rulers to promise before the world community to resolve the dispute and to give the people of Kashmir an opportunity to exercise their right of self-determination, but later they backtracked from their commitments. The continued callous attitude of New Delhi towards permanently settling the Kashmir conflict has been a constant threat to the peace, security and stability of the entire South Asian region for the last sixty-six years.

After the failure of all peaceful means of resolving the Kashmir dispute, the people of Kashmir started a massive agitation, in 1989. It gathered momentum with the passage of time and compelled the Indian rulers to start negotiations with Pakistan to hammer out a resolution of the dispute. The talks process between Pakistan and India started in January 2004 and continued till the occurrence of Mumbai attacks on November 26, 2008. While Pakistan exhibited full seriousness and considerable flexibility in the dialogue process, India's intransigent approach continued to remain the biggest hurdle in the resolution of the Kashmir dispute and it always looked for excuses to derail the peace process. After the Mumbai incident, it wasted no time in putting the responsibility of these attacks on Pakistan and its intelligence agencies without any substantive evidence. Now an officer of Indian home ministry has revealed that India itself had orchestrated the Parliament and Mumbai attacks to strengthen its anti-terror laws. Since the Mumbai attacks, the relations between the two countries could not become normal and tension between them still exists particularly on the Line of Control.

On the other hand, in 2008, the Kashmiris added a new dimension to their struggle against the Indian occupation. They started taking to the streets in large numbers to express their anti-India sentiments and demand their right to self-determination in a peaceful manner. This mass uprising continued for three consecutive years. Sometimes the number of peaceful protesters thronging the streets of Srinagar had exceeded one-million mark. However, most of the time Indian forces responded to these peaceful demonstrators with military might. The occupation forces killed more than two-hundred peaceful protesters during this period. Unfortunately, instead of taking these massive demonstrations as a referendum against its illegal hold on Kashmir, New Delhi once again resorted to dilly-dallyingtactics like sending interlocutors and different delegations to Kashmir to buy time and pacify tempers in the occupied territory.

India has exhausted all its resources but it has miserably failed to suppress the liberation sentiment of the Kashmiri people. It has given its forces unbridled powers under black laws like Armed Forces Special Powers Act, Public Safety Act and Disturbed Areas Act to commit atrocities against the innocent and unarmed civilians in occupied Kashmir. The trigger-happy troops have martyred around ninety-four thousand Kashmiris, widowed more than twenty-three thousand women, orphaned over one-lac children and molested or gang raped more thanten thousand Kashmiri women during the past 24 years. The whereabouts of thousands of innocent youth disappeared in troops' custody are still not known.

The discovery of thousands of unmarked and unnamed graves across the territory have raised apprehensions about the safety of the disappeared youth. The human rights commission of the territory and other international humanitarian organizations like the Amnesty International and Human Rights Watch have demanded an independent thorough investigation into these mass graves to ascertain the identity of the buried persons. Even the European Union Parliament had unanimously passed a resolution in its session in Strasbourg on July 10, 2008, asking India to conduct an impartial probe into the matter. However, all these pleas have fallen on deaf ears as India is yet to respond.

In a bid to send a strong message to the Kashmiris that anyone who would challenge its rule on Kashmir would be dealt with sternly, New Delhi has started sentencing innocent Kashmiri youth to life imprisonment in false cases. The hanging of Muhammad Afzal Guru in February this year in connection with the 2001 Parliament attack case just to "satisfy the conscience of Indian society" was part of this game plan. India claims that Jammu and Kashmir is its integral part but the harassment and killing of Kashmiris in all parts of India continues unabated.

These are the reasons for observance of October 27 as Black Day by the Kashmiris all across the globe. The observance is intended to draw world attention towards the miseries and plight of the Kashmiri people and appeal to the international community to come forward and help resolve the lingering dispute in accordance with their aspirations. It is also aimed at sending a loud and clear message to India that the Kashmiris reject its illegal occupation of their homeland and that they would continue their struggle till they achieved their inalienable right to self-determination.

# ACCESSION DOCUMENT SHROUDED IN FALSE MYTHS - KASHMIR BLACK DAY

***Abdul Majid Zargar***

A web of falsehood has been woven around the instrument of accession between Indian Govt. & Maharaja of Kashmir to present it as a credible & genuine document before the international community & General public. However, continuous scholarly debates & archival materials have exposed such falsehoods.

Noted historian & author of several books, Dr. Abdul Ahad who has held many important positions as Director Archives & museums, has termed the instrument of accession as a bogus document on the basis of archival material, overwriting in dates, type of ink used for signatures etc. etc. In chapter 23 of his book Kashmir-Triumphs & Tragedies, he has exposed a number of infirmities in the instrument of accession which puts its credibility to a severe test. Probably this explains the Indian unwillingness to present the original instrument before UNO or its exhibition in the white paper on Kashmir presented before Indian Constituent Assembly on 3rd March 1948.(See also Aliastar Lamb-ChapterV1) Be that as it may, there have been many other myths floated in the past around this instrument which need to be rebutted to put the records straight.

The first of such myths is that the instrument of accession was signed by Maharaja on 26th October. V.P. Menon, the man supposed to have obtained Maharaja's Signatures States in his book "Integration of States" that he travelled from Delhi to Jammu on this date, got the instrument signed by Maharaja & flew back to Delhi. This simply cannot be true as the Maharaja along with his family left Kashmir in the wee hours of 26th October and considering the condition of Srinagar-Jammu Road(it used to be called as Banihal cart road those days and there was no Jawahar Tunnel) and the eye-witness account of those who saw Maharaja's Motorcade pass through different towns like Ramban,Kud & Udhampur, Maharaja could not have reached Jammu before 7.00 PM. That being so and keeping in view the absence of night landing & take-off facilities at Jammu Airport those days it is next to impossible for any person to fly from Delhi to Jammu & back at such an odd hour. Besides this there are other evidences which nail his lie. According to Alexander Symon, Britain's deputy High Commissioner in New Delhi, he met Menon on 26th October in Delhi and was told that he would fly to Jammu next day i.e 27th October.(LP&S/13/1845b,ff 283-95-India office records). Yet another evidence is provided by M.C.Mahajan, Kashmir's then Prime Minster. Writing in his autobiography, "Looking back-page 154" Mahajan says that he along with Menon went to Jammu on 27th October after receiving a message from Aerodrome officer in Srinagar around 9 AM that Indian troops had landed there. On reaching Maharaja's Palace in Jammu and after some discussion ,formal documents were signed by Maharaja which Menon took back to Delhi. If any doubt remains, it is set at rest by Nehru's letter of 27th October addressed to Mahraja which reads as " Sh. V.P.Menon returned from Jammu this evening(means 27th October) and informed me of talks there. He gave me the instrument of accession which you have signed. Even Patel's Daughter & secretary, Maniben Patel says that her father received Menon at Airport on arrival from Jammu on 27th October & not on 26th as is made out to be (Noorani-Frontline 24th March 1995) By all these evidences, it is proved beyond doubt that if at all instrument of accession was ever signed, it was on 27th October after the Indian troops had landed in Srinagar.

The second of such false myths is that Indian forces entered Kashmir following a tribal incursion on 22nd October 1947. But it is now an established fact that under 'operation Rescue', Indian Govt. had dispatched four commando platoons of it's army's 50th Parachute Brigade and batteries of Patiala artillery (most of the times camouflaged in civvies) to Kashmir between 12th & 17th October, 1947, well before the tribal invasion. In-fact, Srinagar Airport was already surrounded & secured by these forces when the Indian Army was formally airlifted on 27th October. It needs to be noted that Mountbatten had already promised Hari Singh of such military help during his June 1947 Visit to Srinagar(Freedom at Midnight-page 205.See also Patel's Correspondence with Defence Minster Baldev Singh)Thus, it was India who first sent armed forces into Kashmir even before the Maharaja signed the accession.

# संविधनसभा निर्वाचन किन राष्ट्रविरोधी छ ?

**डा. शास्त्रदत्त पन्त**

१. संबिधान देशमा एक चोटी बनाउने विषय हो । नेपालमा ६६ बर्षमा ८ बटा सबिधान बनि सकेका छन् । अब आठौ बनाउनेतर्फ लागिएको छ । बेलायतले संबिधान नै नबनाईकन उच्चस्तरको प्रजातान्त्रिक अभ्यास गरेको छ । अेमेरिका र भारतका संबिधानहरु संबिधान सभाको चुनाव नगरिकन बनाइएका हुन् । त्यहाँ हुने नेपालमा किन नहुने ? तिनले एउटै संबिधानले काम गर्न हुने तर नेपाललाई किन बदल्न दबाब दिईरहने ? २०१५, २०१९, २०३७ र २०४७ का पूर्ण संबिधान हुन् । ती जुनसुकैले सही काम गर्न सक्दछन् । बिदेशीले बनाइ दिएको नै चाहिने हो भने बेलायती विज्ञले बनाई दिएको २०१५को, दलले बनाएको नै चाहिने हो भने बिबादरहित बनेको २०४७ सालको अथवा जनमतसंग्रहबाट बनाएको मान्ने हो भने २०३७ सालको संबिधान छदैछन् अव यो किन चाहियो?

२. मार्ग ४ को चुनाव नेपाली जनताको चाहनाले हुन लागेको होइन । यो बिदेशी द्वारा, बिदेशीकालागि बिदेशीले गराउँदै छन्, 'ईशाई' र 'रअ'को स्वार्थ पूर्तिकोलागि । यसमा सिक्किमीकरणको गन्ध छ । नागरिकता ऐनमा झैं रेडिमेड संबिधानलाई सं.स.ले छाप मात्र लगाउने छ । नेपालका सबै दलका नेताको दिल्ली दौड तथा दिल्ली र इ.यु.बाट त्यहाँका मन्त्री, सचिव र नेताको नेपाल दौड, हजारौं गाडी र धनको पोको यसका प्रमाण हुन् । चार दलका तानाशाही नेताले लेण्डुप दोर्जीको भूमिका निभाएकाले यसलाई बहिस्कार गरौं ।

३.यो चुनावले नेपालको राष्ट्रियता, एकता, स्वतन्त्रता र राष्ट्रिय पहिचानलाई खतरामा पार्नेछ । यसले निकास दिन शक्तैन । दीगो शान्ति हुँदैन । बरू दीगो जातीययुद्ध, गृहयुद्ध निम्त्याउँछ । जनताको सार्वभौम अधिकारको हनन् गर्दछ । स्वाधीनतामा आँच आउँछ, । यो धोका हो, बहिस्कार गरौ ।

४ अन्तरिम संबिधान २०६३ को प्रस्तावना र धारा ६४ अनुसार संबिधान सभाको पदाबधि २ बर्ष मात्र हो । त्यसमा म्याद थप्ने प्रावधान छँदैछैन । त्यसपछि चुनाव गराउने अधिकार कसैलाई पनि छैन । न्यायका विश्वव्यापी मान्यता अनुसार त्यसपूर्वको संबिधान स्वतः सकृय हुन्छ । अब सबै शासकीय कामकुरा २०४७ को संबिधान अनुसार हुनुपर्दछ । तदनुरूप संसद र स्थनीयतहको चुनाव हुनु पर्दछ । खोजेका परिवर्तन त्यसैलाई संसोधन गरेर गरिनु पर्दछ ।

५.राष्ट्र शरीर हो । चुनाव राष्ट्रले फेर्ने लुगा हो । शरीर रहे मात्र लुगा फेर्ने हो । आज शरीर नै खतरामा छ । चुनाव बहिस्कार गरेर पहिले शरीर जोगाऔं, लुगा अनि रोजौला ।

६. बिदेशीको दबाबमा मृतसंसद बिउँताएदेखि सबै खाले काम अप्रजातान्त्रिक, असबैधानिक तरिकाबाट भएका छन् । राजनीतिक नियुक्ति; प्रहरी, निजामति र सेना तथा सार्बजनिक संस्थान र सस्थाको परिचालन; योजना, ठेक्कापट्टा र राष्ट्रिय ढुकुटीको बाँडफाँड दलीय अंशबण्डाबाट भएकाछन् । सर्बत्र दलीयकरण गरिएको छ । दलका कार्यकर्ताको रूपमा परिचालन लगिएको छ । सेना-प्रमुखलाई चुनावको मुखैअगाडि भारतबाट बोलाइएको छ, उनी गएका छन् निर्देशनलिन । प्रजातन्त्र र कानूनी राज्यको धज्जी उडाइउको छ । यसलाई बहिस्कार गरौं ।

७. संविधान सभाको चुनाव अरू चुनाव जस्तो सहज चुनाव होइन । यसमा बिशेष ज्ञान, सीप क्षमता बिशेष योग्यता भएका प्रतिनिधि चाहिन्छन् । जनताबाट प्रत्यक्ष चुनिनु पर्छ । दलको अंकुस हुनुहुँदैन । ह्विप लगाउन पाईँदैन । जनताबाट, जनताकालागि, जनताले मात्र गर्नुपर्ने काम हो । संबिधान–जनताले बनाउने कि दलले बनाउने हो ? जनताले बनाउने हो भने २०३७मा अनुमोदित छँदैछ; दलले बनाउने हो भने २०४७ को छ । यो फेरि च्यातिने संसको चुनाव बहिस्कार गरेर भोलिको द्वन्द्व रोकौं ।

८. अन्तरिम संबिधान अनुसार संबिधान बन्न नसकेपछि किन बनेन ? के अडचन आइपरे ? के कोलागि चुनाव ? कसरी चुनाव ? किन चुनाव ? किन संसद र संविधान सभाको एउटै चुनाव ? संसद र सभासदको योग्यता के? के? कसरी निर्माणगर्ने? संबिधान बनेपछि मात्र संसदको संख्या तय हुन्छ । संविधान सभा एक बर्ष र संसद ५ बर्ष भनिनु, ६०१ सांसद राख्नु पागलपन देखिन्छ ? के संसभा. भनेको बच्चाले खेल्ने पुतलिको बिबाह जस्तो खेल हो ? आदिमा राष्ट्रिय बहस नै नचलाई अधिकार नभएका चारजनाको लहडका भरमा घोषित चुनाव अबैध छ, कनुनीराज्य र प्रजातन्त्र बिपरित छ । बहिस्कार गरौं ।

९. राष्ट्रियता–चुनाव–प्रजातन्त्र–संबिधान एक अर्काका पुरक हुन् । घोषित चुनाव यी सबैको बिरूद्ध छ । जनता भनेको जनता नै हुनु पर्दछ, दल वा दलले मनोनित गरेका व्यक्तिमा हुनु हुँदैन ।

१०. बाधा अडचन फुकाउने संबैधानिक प्रावधान बाधा परेकोबुदालाई मात्र हो । त्यसबाट अरू काम गर्न पाइँदैन । नागरिकता, आरक्षण, सेना परिचालन सयौं असंबैधानिक काम भएका छन् ।

११. राष्ट्रका महत्वपूर्ण पद, सम्पत्ति चारदलले अंशबण्डा गरेकाछन् । निर्वाचन-आयोगले राज्यको पुनर्ससंरचना, संघीयता, लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न भनी चुनावमा भागलिन विज्ञापन जारिगरेकोछ । संविधान बनाउँदा तय गर्ने कुरा आयोगले पहिलेनै निर्धारण गर्नुले इशाई र 'रअले' रेडिमेड संबिधानमा छाप लगानु मात्र हो भन्ने पुष्टि हुन्छ । मंप, चारदल, र आयेगले विदेशीको निर्देशनमा काम गरेका छन् भन्ने स्पष्ट छ । अतः यसलाई बहिस्कार गर्नुको बिकल्प छैन ।

१२. असल राजनीतिकोलागि प्रजातन्त्र सर्बोत्तम साधन हो । त्यसमा आम नागरिकको मतको ठूलो सम्मान हुन्छ । यतिखेर ती नागरिक नै अपहेलित छन्, अपमानित छन् । दलले स्वार्थपरक भएर नियुक्त गरेका अभद्रहरूले प्रतिनिधित्व गर्छन् । चुनाव नगराउने, मृत-संसद पुनर्स्थपन गराउने, दलले प्रतिनिधि मनोनित गर्ने, त्यसैबाट संबिधान, गणतन्त्र, धर्मनिरपेक्ष जस्ता कुराको घोषणा गर्ने, तिनको संचालनसूत्र चार-दल हुने, चारदल भारत र ईशाई मुलुकबाट परिचालित हुने अनि त्यसलाई जनताको निर्णय भनेर बलपूर्वक चुनाव गराउन खोज्ने काम प्रजातान्त्रिक अभ्यास बिपरित छ । राष्ट्र घातक छ । बिदेशीको दलालीमा सीमित छ । प्रजातन्त्रमा सत्ता जनमतबाट हुनु पर्छ, दलाली दलबललबाट होइन ।

१३. राजनीति भनेको निस्काम भावले जनसेवा गर्नु हो । सर्बाङ्गिण विकासकालागि हो । राजनीति ब्यापार व्यवसाय होइन । ६०१ जना राख्नु कमाउने चाहना हो । ब्यापारीले राजनीतिमा हात हाल्नु हुँदैन, व्यापार व्यवसाय गर्नुपर्छ । राजनीतिमा बुद्धिबादी, निष्ठाबादी, सिद्धान्तबादी र राष्ट्रबादीको छैन । बरू गैङ्गबादी, डनबादी, मुढ र बलबादीको छ । राजनीतिलाई अपराधीकरण र अपराधीलाई राजनीतिकरण गरिएको छ । यसलाई उल्टाएर पद्धतिको चयन गर्ने पूर्वाधार नबनाइकन गरिने चुनावको कुनै अर्थ छैन ।

१४. रूपान्तरण, समाबेसी, संघात्मकता, जातीय पहिचान, धर्म-निरपेक्षता जस्ता नारा खोटो नियतबाट गरिएका छन् । नियत असल भए जुन पद्धति पनि ठीक हुन्छ । २०१५, २०३७, २०४७ जुन संबिधान पनि ठीक छन् । तिनमा सुधार गर्ने ठाउँ छदाछदै संबिधान बनाउँदै च्यात्ते गर्नुको कुनै औचित्य छैन । बनाउन लागिएको संबिधान पनि च्यात्नकै लागि हो भने किन अरबौं रकम खेरफाल्ने ? राष्ट्रको ढुकुटी रित्याउने ?

१५. यो चुनाव दलको आर्जनकालागि भएको छ । पहिलो चुनावमा दलले ६६ अर्ब रूपैयाँ राष्ट्रको ढुकुटी लुटेर खाइसकेका छन् । अब थप ७३ अर्ब खाँदैछन् । यति रकम जलबिद्यूत उत्पादनमा लगाएको भए थप ७०० मेघावाट बिजुली थपिएर लोडशेडिङ हटेको, ग्यास-पेट्रोलियम आयत घटेको र धेरै उद्योगधन्दा चलेका हुने थिए । लाखौं बिदेसिएका नेपाली नेपालमा फर्किसकेका हुने थिए ।

१६. नेपाल युगौगुगदेखि नै समाबेसी मुलुक हो । लडेर होइन मिलेर सबैको समविकास हुन्छ, संतुलित रूपमा देश बन्दछ, राष्ट्रिय समुन्नति आ□नै मैलिक पद्धतिबाट हुन्छ, राष्ट्रिय मूलनीतिबाट हुन्छ, व्यवस्थित बस्तीबाट हुन्छ । आयातीतबाट हुँदैन ।

१७. नेपाल नरहे हामी नेपाली रहदैनौ । राष्ट्रियताकालागि सबैले त्याग गर्न सक्नु पर्दछ । हाम्रो आह्वान छ राष्ट्रियताकालागि आसन्न चुनाव त्यागौं ।

१८ सबै पक्षबाट गल्ती भएका छन् । गल्ती महसुस गरिनु पर्दछ । गल्ति नदोहोऱ्याउने प्रण गर्नु पर्दछ । गल्ति सुधार्न कबुल गर्नुपर्छ । गल्ती महसुस नगरी गरिन लागेको चुनावपछि पनि कुनै समाधान हुदैन ।

१९.सार्वभौमिकता जनतामा हो, चार दलमा होइन । यो चुनाव प्रजातन्त्र र कानुनी शासन बिपरित छ । असंबैधानिक, अप्रजातान्त्रिक, अनैतिक छ । पहिलो २ बर्षपछिका राजनीतिक पदमा बसेर खाएका ६०१ जनाको तलबभत्ता बेरूजु हुनुपर्छ, असुलउपर गर्नुर्पछ । यो चुनाव बहिस्कार गरौ र राष्ट्रको सार्वभौमिकता बचाऔं । पहिले बिदेशी चलखेलबाट देशलाई बचाऔं, अनि नेपालीबाट, नेपालकालागि नेपाली द्वारा जस्तो आवस्यकत पर्दछ त्यस्तै बनाऔला ।

२०. स्थानीय निकाय र संसदको चुनाव आजको खाँचो हो । संसदले टुङ्गो लगाउन नसकेको कुरा जनमतसंग्रहबाट टुङ्गिनुपर्छ । पहिले त्यो हुनुपर्छ ।

२१ व्यवस्थित बस्ती पद्धति, सर्बाङ्गिण विकास, शतप्रतिशतलाई समान गुण-स्तरको शिक्षा र पूर्ण रोजगारीबाट राष्ट्रिय समुन्नति हुन्छ । बिदेशीयएका ६६ लाख युबालाई फर्काउन सकिन्छ । पूर्ण प्रजातान्त्रिक अभ्यास भएको राजनीति, शान्तिपूर्ण सत्ता हस्तान्तरण र पद्धतिले स्वतःचल्ने शासनबाट हुन्छ । पाँच बस्तु (शिक्षा, स्वास्थ्य, खानेपानी, सासफेर्ने हवा र रोजगार ।) निशुल्क र पाँच बस्तु (जस्तैः बिजुली, सिचाइ, कृषि र वन पैदाबार, आधारभूत उपभोग्य बस्तु) आधा सस्तो बनाउन संभव छ । एक आबधिक समयमा ब्यापार घाटा हटाउन सकिन्छ । नेपालीको जीवनस्तर बिश्वस्तरमा पुऱ्याउनु सकिन्छ । त्यसकालागि बिदेशीचलखेल रोकेर नेपाली एकजुट हुनैपर्छ । अतः बिदेशीको चलखेलबाट उम्कौं ।

---

# एकल जाति भनेर किन अन्धा भएका होलान् ?

***दिनकर नेपाल***

> **नेपालमा मार्क्सवादी दृष्टिकोण अनुसारको 'वर्ग-संघर्ष'को उत्कृष्ट अवस्था नहुँदा माओवादी विचारकहरूले 'क्रान्ति' सल्काउन 'जातीयता र पहिचान'को राजनीतिक भुमरी सिर्जना गरे । तर, नेतृत्व वर्गमै सामेलीपनालाई व्यवहारमा उतार्ने अठोट र त्यागको भावना नदेखिदा उनीहरूको हातबाट त्यो फुत्कियो ।**

गत जुलाईमा भारतीय संसद्मा आन्ध्रप्रदेशबाट अलग्याएर तेलङगाना राज्य बनाउने घोषणा गरिएपछि दार्जीलिङ फेरि तात्न थाल्यो । भारतमा पहिल्यैदेखि धेरै ठाउँमा अलग राज्यको माग हुदै आएको छ । 'गोर्खाल्याण्ड' तिनैमध्ये एउटा हो । नेपाली भाषी भारतीयहरूसँग सम्बन्धित भएकोले नेपालमा 'गोर्खाल्याण्ड'ले बढी नै चर्चा पाउँछ । एक शताब्दी अघिदेखि नै दार्जीलिङ पहाडका नेपालीभाषीहरूले बंगालबाट प्रशासनिक स्वतन्त्रताको माग गरिरहेका छन् । त्यसक्रममा ३५ वर्षअघि सुभाष घिसिङको नेतृत्वमा हिंसात्मक आन्दोलन भयो । 'दार्जीलिङ पार्वत्य परिषद' को गठन भएर सेलाएको त्यो आन्दोलन पछि घिसिङले लगभग दुई दशक परिषदको अध्यक्ष भएर एकछत्र राज गरे । गत पाँच वर्षयता विमल गुरूङको नेतृत्वमा फेरि आन्दोलन चर्किएको छ ।

**नेपाली हैन गोर्खाली**

दार्जीलिङको डा. जाकिर हुसैन रोडमा गेस्टहाउस चलाउने ७० वर्षे भूपू ब्रिटिश-गोर्खा सैनिकलाई मैले 'मेमे, (तामाङ भाषामा हजूरबुबा) तपाईका लागि गोर्खाल्याण्ड के हो ?' भनेर ठाडो प्रश्न गर्दा उत्तर आएको थियो- हामी 'गोर्खाली' हरूको आत्नो घर भन्ने ठाउँ त चाहियो नि क्ष 'नेपाली' भनेर हामीलाई विदेशीको रूपमा हेपिएको छ अझै पनि ?

त्यसपछि उनले गोर्खाली पहिचान र गोर्खाल्याण्ड आन्दोलन सम्बन्धी पर्चा-पम्प्लेट तथा सन्दर्भ सामग्रीहरू देखाए । 'गोर्खाली'ले अहिलेसम्म भारतमा गरेको योगदान, युद्धहरूमा दिएको बलिदान र राष्ट्रनिर्माणमा पुर्याएको मदतका विषयमा लेख, पुस्तक र कथा-कविताहरू त्यहाँ थिए ।

नेपाली भाषी भारतीयहरूको पहिचानको तात्पर्य नेपालीभन्दा अलग भनेर चिनाउनु रहेको देखिन्छ । दार्जीलिङवासी प्रतिष्ठित लेखक इन्द्रबहादुर राईको 'भारतीय नेपाली राष्ट्रियता र नेपाली कविता' शीर्षकको आलेख भन्छ- 'नेपालमा साहितयिक लेखन उच्च जातीय ब्राह्मणहरूबाट शुरू भएर राजाको प्रशंसा वरिपरि केन्द्रीत थियो भने भारतीय नेपाली साहित्य लाहुरे र मजदूरहरू (धेरै जसो मंगोल जातिका) को भोगाइको कथाबाट बनेको थियो ।' राईका अनुसार, गोर्खा पहिचान र भारतीय नेपालीको राष्ट्रियता जाति, संस्कृति र धार्मिक विश्वासहरूलाई चिरेर बनेको हो ।

यसरी सतर्कतापूर्वक बनाइएको पहिचानमा ढाकाटोपी र भानुभक्त प्रेम देखिन्छ । नेपालीभन्दा भिन्न आत्नै परिचय बनाउन नेपालीभाषी भारतीय बाद्धिकहरू सफल पनि भएका छन् ।

**फाटोको राजनीति**

भारतमा पहिचानको संकट झेलेका नेपाली भाषी समुदायमा नेपाली भाषा-संस्कृतिको अगाध माया छ । त्योभित्र जातीय फूट र वेग्लावेग्लै पहिचान छैन । राजनीतिक आवश्यकताले त्यहाँ एकता बलियो छ । नेपालमा भने त्यसको ठिक उल्टो प्रवृत्ति फस्टाएको छ ।

नेपालमा मार्क्सवादी दृष्टिकोण अनुसारको 'वर्ग-संघर्ष'को उत्कृष्ट अवस्था नहुँदा माओवादी विचारकहरूले 'क्रानति' सल्काउन 'जातीयता र पहिचान'को राजनीतिक भुमरी सिर्जना गरे । तर, नेतृत्व वर्गमै सामेलीपनालाई व्यवहारमा उतार्ने अठोट र त्यागको भावना नदेखिदा उनीहरूको हातबाट त्यो फुतकियो । अहिलेको तिब्र राजनीतिक, सामाजिक र बौद्धिक ध्रुवीकरण त्यसैको परिणाम हो, जसले हिंसात्मक रूप लिइसकेको छ । निकट भविष्यमै यसको सर्वमान्य अवसानको उपाय खोज्न सकिएन भने यसले विकराल रूप लिने पक्का छ ।

नेपाली भाषी भारतीयहरूलाई पनि विभाजनको यस्तै राजनीतिले संकटापन्न बनाउने लक्षण देखिएको छ । दार्जीलिङ क्षेत्रका आदिवासीको रूपमा लेप्चा जातिको छुट्टै पहिचान र उत्थानको मुद्दा बनाएर पशचिम राज्य बंगाल सरकारले भर्खरै 'लेप्चा विकास काउन्सिल' गठन गरेको छ । यो फाटोको राजनीतिले एकता खल्बलाएर आन्दोलनको मूल उद्देश्य अर्थात् 'गोर्खाली' पहिचान माथि प्रहार गरेको छ ।

पहिचानको मुद्दा उठ्नु आफैंमा गलत होइन । जातीयता र संस्कृतिप्रतिको गौरवले सामुदायिक एकता र आत्मविश्वास जगाउँछ । यसले आत्नो इतिहासमाथि गौरव गर्न पनि सिकाउँछ । जातीयताको एकल पहिचानको भ्रम खडा गरेर त्यसैको शोषण गर्ने राजनीतिक सोचले भने फाटो मात्र ल्याउँछ । तर, कतिपयद्वारा यो भ्रम यसरी फैलाईएको छ, मानौं जीवनको उद्देश्य भनेकै आफ्नो जातिको उग्रतामा बाँच्नु हो ।

नेपालको परिप्रेक्ष्यमा सीमान्तकृत समुदायहरूमाथि भएको 'ऐतिहासिक अन्याय' एउटा आर्थिक, सामाजिक र व्यवहारिक वास्ताटँविकता हो, जसलाई सच्याइनुपर्छ । त्यो विगतलाई एकल रूपमा जातीय रंग दिनु चाही अन्धदृष्टि नै हो । अन्धदृष्टिबाट प्रगतीको बाटो खुल्ने आशा गर्न सकिदैन ।

# मुस्लिम महिला र तलाक

मुस्लिम समुदायमा महिलालाई मौखिम रूपमा तलाक (सम्बन्ध बिच्छेद) दिने परम्परा अझै यथावत छ । त्यसरी गरिएको तलाकले कुननी मान्यता भने पाउँदैन । तर यो परम्पराले भने अहिले पनि निरन्तरता पाउँदै आएको छ ।

इस्लामिक धर्म गुरूका अनुसार, मुस्लिम समुदायको प्रवित्र ग्रन्थ कुरानले श्रीमान श्रीमति बिच राजीखुसीले, दुबैको मन्जुरीले, कुनै दवाव र करकापमा नपारी तलाक दिन सक्ने उल्लेख गरिएको छ ।

तर कानुन, कुरानको व्यवस्था विपरित गैरन्यायिक मौखिक तलाक गर्ने परम्परा बढ्दै गएपछि पीडित महिला अंशबाट बन्चित हुने गरेका छन् । तलाक पाउने महिलाको संख्या पनि उत्तिकै बढ्दै गएको छ । अहिले आएर उनीहरूको समस्या सम्बोधनका लागि भने बहससम्म सुरु भएको छ । पीडित महिलाले चुपचाप गैरन्यायिक तलाक स्वीकार गर्दै आएका छन् । तलाक विरुद्ध कानुनी बाटो नरोज्दा समस्या जटिल बन्दै गएको छ । त्यसको एक पात्र हुन, कन्दीकी समिरून अन्सारी । उनले पनि मौखिक तलाकलाई स्वीकार गरेर बसेकी छन् । तर अहिले आएर उनलाई खाना लाउन बस्न समस्या भएको छ । श्रीमान जमिन अलीले ७ वर्ष अघि उनलाई अंश नदिएरै तलाक दिएका हुन् । श्रीमानबाट घर, जग्गा नपाएपछि समिरून ८ वर्षीया छोरी हनिसा सहित माइतीको शरणमा बसेकी छन् । पतिको नाममा घरजग्गा र अन्य सम्पत्ति नभएको होइन । तर सम्पत्ति नदिएका कारण मजदुरी गरी छोरी पालरहेको उनले बताइन् । 'श्रीमानले मलाई तलाक दिँदा मैले लगाएको कपडाबाहेक केही ल्याउन दिएनन्,' समिरूनले तलाकबाट पाएको पीडा सुनाइन् । परसपुरकी २५ वर्षीया प्रबिणा अन्सारी पनि तलाक पीडित महिला हुन् । श्रीमान अतहर हुसेनले अंश नदिएरै आफु अनुकुल उनलाई तलाक दिएका छन् । उनले जग्गा जमिन त पाइनन् नै ७ वर्षिया छोरीलाई भेट्न पनि पाएकी छैनन् । प्रबिणा माइतीमा कष्टकर जीवन गुजारी रहेकी छन् ।

'घर, जग्गा, जमिन पाउनु टाढाको कुरा भयो, छोरीको मुख हेर्न पनि पाएकी छैन,' प्रबिणाले पीडा सुनाइन, 'जग्गा जमिन र छोरी बिना अबको जीवन कसरी बित्ने हो ।' हुसेनले श्रीमतिलाई तलाक दिएपछि छोरीलाई आफैसंग राखेका छन् । हुसेनको आर्थिक अवस्था राम्रो छ । 'भएर के गर्नु ? झोपडी बनाउनका लागि पनि जग्गा दिएनन्,' प्रबिणाले गुनासो गरिन् । समिरून र प्रबिणाले अंशका लागि अझै पनि कानुनको सहयोग लिन सक्ने व्यवस्था छ । मुलुकी ऐनको लोग्ने स्वास्नीको महलको ४ को ( क, ख र ग ) नम्बर अनुसार अंशका लागि दाबी गर्न सक्ने अधिवक्ता अब्दुल हुसेन खानको सुझाव छ । 'कानुनले मौखिक तलाकलाई स्वीकार गर्दैन,' मुस्लिम समुदायका उनले भने, 'अंशका लागि उनीहरूका लागि अझै कानुनी बाटो खुला छ ।' पछिल्लो समयमा गैरन्यायिक तलाकबाट पीडित महिला अदालत आउन थालेको अधिवक्ता खानको भनाइ छ । '७ तलाक पीडित मुस्लिम महिलाको मुद्दा अदालतमा दर्ता भएका छन्,' उनले भने, 'तर अझै पनि कतिपय पीडित महिला अदालसम्म आउन सकेका छैनन् ।'

अधिकांश पीडित महिलाले गैरन्यायिक तलाकलाई स्वीकार गरे पनि नेपालगन्जकी १९ वर्षीया रूविना राइन भने कानुनी अडानमा छिन् । उनले अंश नपाएसम्म तलाक नलिने अडान राखेकी छन् । त्यसैले परिवारबाट शारीरिक तथा मानसिक यातना भोग्नु परिरहेको उनले बताइन् । श्रीमान अफाक अल्वाईले तलाक दिन खोजी रहेको उनको भनाइ छ । 'तर म अंश नपाएसम्म तलाक नलिने अडान राख्दा यातना पाएकी छु' रूविनाको आग्रह छ, 'मलाई सहयोग गर्नुहोस ।' तर उनले गरेको आग्रह कसैले पनि सुनेको छैन । थप यातना पाउने त्रासले उनले प्रहरी प्रशासनमा उजुरी समेत गरेकी छैनन् । श्रीमानले श्रीमतिसँग जबर्जस्ती सम्बन्धबिच्छेद गर्दा अनिवार्य रूपमा अंश दिनुपर्ने कानुनी व्यवस्था छ । तर मुस्लिम महिलालाई तलाक दिएपछि अंश नदिँदा उनीहरूको जीवन कष्टकर बन्ने गरेको छ । त्यसो त पीडितहरू प्रहरी, प्रशासन र अदालतसम्म पनि नपुग्ने गरेकाले पनि समस्या भएको हो । अंशका लागि अदालतसम्म जाने हो भने पीडित महिलाले न्याय पाउन सक्ने कानुनबिद्हरूको सुझाव छ । अदालतले आफै पीडितलाई खोजेर न्याय दिने पनि होइन । पीडित आफै न्यायका लागि अदालतसम्म पुग्नु पर्ने कानुनी सिद्धान्त छ । तलाक पीडित महिलाको हकमा यस्तै भएको छ । तलाक पीडत मुस्लिम महिलाले अंश नपाएको गुनासो गरे पनि अदालतसम्म भने निकै कम पुग्ने गरेका उदाहरण छन् । परिवारबाट असुरिक्षत भएको महसुस गर्दै उनीहरू प्रहरी र अदालतसम्म नपुग्ने मुस्लिम अगुवा फारूक अन्सारीले बताए । 'मुख्य त सुरक्षाको कुरा हो,' उनले भने, 'त्यसैले मुस्लिम महिला प्रहरी, प्रशासन र अदालत जाँदैनन् ।'

पुनरावेदन अदालत नेपालगन्जका मुख्य न्यायाधीश केशवप्रसाद मैनालीले पीडित महिलाहरू कानुनी प्रक्रियामा नआउँदा सम्पत्तिबाट बन्चित हुने गरेको बताए । 'कानुन अनुसार पीडितहरू न्यायालयमा आए न्याय पाउँछन्,' उनले भने, 'तर न्यायका लागि पीडित महिलानै अग्रसर हुन जरूरी छ ।' मैनालीले पीडित महिलालाई न्याय दिलाउन अगुवाबाट पहल हुनु पर्ने सुझाव दिए ।

स्थानीय मुस्लिम किशोरी क्लबले नेपालगन्ज र आसपासका गाविसमा गरेको अध्ययनमा ४ सय ६१ मुस्लिम महिलाहरूको सानै उमेरमा विवाह भएको र ३ महिनादेखि ५ वर्षको वैवाहिक जीवनपछि तलाक पाएको देखाएको छ ।

भारतमा विवाह भएका २ सय ९७ र नेपालमै विवाह भएका १ सय ४७ महिला तलाक पीडित भएका छन् । मुस्लिम किशोरीले परसपुर, जैसपुर, पिपरहवा, कम्दी, पुरैना, पुरैनी, भवनियापुर, हिरमिनिया, इन्द्रपुर र नेपालगन्ज नगरपालिकामा रहेका मुस्लिम समुदायमा अध्ययन गरेका थिए ।

कम उमेरमा विवाह गर्ने परम्परा, अंश नदिने प्रचलन रहेका कारण तलाक बढ्दै गएको मुस्लिम समुदायका लागि काम गरिरहेका सामाजिक कार्यकर्ता मुस्ताक अली दर्जीले बताए । उनले मुस्लिम समुदायमा जग्गा जमिन नदिएर नै महिलालाई तलाक दिने परम्परा रहेको बताए । त्यसैगरी पीडित महिलाहरूले कानुनी बाटो अवलम्बन नगर्दा पनि अंशबाट बन्चित हुने गरेका हुन् ।

'सामाजिक असहयोग, अनावश्यक हस्तक्षेप र विभिन्न परिबन्धका कारण तलाक पीडित महिला कानुनी निकायसम्म पुग्न सक्दैनन्,' मुस्लिम महिला अगुवा हिना फारूकीले भनिन् । त्यस्तै समुदायबाट उपेक्षित हुने डरले पनि उनीहरू खुल्न चाहदैनन् । समाजले हेर्ने दृष्टिकोण पनि नकारात्मक रहेकोले पीडितहरू थप पीडामा बाँच्नु परेको फारूकीको दाबी छ ।

मुस्लिम समुदायका पुरूषले श्रीमतिलाई मौखिक रूपमा तलाक दिने परम्परा छ । पीडितका अनुसार, तीन महिनासम्म श्रीमानले तीन पटक तलाक शब्द भनेपछि सम्बन्ध विच्छेद भएको मानिन्छ । तर कानुनको रितने नपुऱ्याई गरिएको तलाक पीडित महिला अदालतसम्म पुग्ने हो भने न्याय पाउने सम्भावना उत्तिकै छ ।

बाँकेका तत्कालिन प्रहरी प्रमुख, प्रहरी उपरिक्षक बिक्रमसिंह थापाले पीडित मुस्लिम महिलाहरू न्यायका लागि निकै कम आउने गरेको अनुभव सुनाए । परिवार वा श्रीमानबाट यातना पाइरहेका महिलाबारे जानकारी गराए प्रहरीले कारवाही गर्न सक्ने अवस्था रहेको थापाको भनाइ छ । 'पीडित महिला उजुरी लिएर आउनु पऱ्यो । कानुन अनुसार प्रहरीले कारबाही गर्छ,' उनले भने ।

*सञ्चारिका फिचर सेवा*

# सबैलाई मान्य हुने समाधान खोजियोस् - राष्ट्रिय सुरक्षा परिषद्

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनका लागि दलहरू निर्वाचनमा होमिएको बेला प्रधानमन्त्री नै अध्यक्ष रहने राष्ट्रिय सुरक्षा परिषद्ले सबैलाई मान्य हुने समाधान निकालेर मात्र निर्वाचनमा जान मन्त्रिपरिषद् अध्यक्ष र मन्त्रिपरिषद्लाई सुझाव दिएको छ । राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयले कार्तिक १२ गते त्यस्तो सुझाव तयार गरी कार्तिक १३ गते मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र मन्त्रिपरिषद्लाई बुझाएपछि निर्वाचन सम्बन्धी अन्यौल बढेको हो ।

मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलाई दिएको सुझावमा केही दिनयता हिसाबका घटनाहरू बढेको विश्लेषण गर्दै बहिष्कारको नारा दिएको नेकपा-माओवादीले रणनीतिक हिसाबले काम गरिरहेको र बहिष्कारवादी दलहरूसँगको समस्या समाधान नगरी मुलुक निर्वाचनमा गएको खण्डमा त्यसले मुलुकलाई द्वन्द्वमा लैजाने निष्कर्ष राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयले निकालेको छ । सचिवालयले कूटनीतिक निकाय संयुक्त राष्ट्र संघका अन्तर्राष्ट्रिय संघ संस्था नागरिक समाजबाट दबाब दिएर पहिले समस्याको समाधान निकाल्नुपर्ने सुझाव सरकारलाई दिएको छ । चुनाव नजिकिँदै जाँदा विरोधी पक्षले सशक्त कार्यक्रम ल्याउने र निषेधको कार्यक्रमले अन्ततः मुलुक पुनः द्वन्द्वमा जानसक्ने ठहर सचिवालयले गरेको छ । सचिवालयको मूल्यांकन सुझावमा जनाएअनुसार नागरिक समाज बुद्धिजीवि, मानवअधिकारवादी समूह, तटस्थ जनता, कूटनीतिक समाज र संयुक्त राष्ट्र संघको पहलमा दुवै पक्षलाई मान्य हुने समाधान निकाली चुनावमा गए मात्र राष्ट्रको दीर्घकालीन हित हुने देखिएको सुझावमा उल्लेख गरिएको छ ।

नेपाली सेनाका उपरथीको नेतृत्वमा रहने नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रि अनुसन्धान विभागका डिआइजीहरू र रक्षा तथा गृह मन्त्रालयको समेत प्रतिनिधि रहने सचिवालयले चुनावको मुखमा वहिष्कारवादी दलहरूबाटै सैन्य गतिविधि गराउन सक्ने संकेत पाएको भन्दै मन्त्रिपरिषद्का अध्यक्ष र सरकारलाई त्यसको जानकारी गराएको छ । सुझावमा उल्लेख गरिएको छ, नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चाले आउँदो निर्वाचनलाई ध्यानमा राखी कार्तिक २५ गते मंसिर ५ गतेसम्म सशक्त रूपमा निर्वाचन विरोधी पूर्वयोजना अनुसारका कार्यक्रमहरू सञ्चालन गरिरहेको र फेरि अन्य रणनीतिक कार्यक्रमहरू संचालन गर्न सक्ने संकेत देखिएको हुनाले सो समयअघि नै समस्याको समाधान खोज्न सरकारलाई सुझाव दिएको हुनाले त्यसतर्फ ध्यान दिन सरकारलाई आग्रहसमेत गरेको छ ।

बहिष्कारवादीहरूले जनतालाई मनोवैज्ञानिक असर पार्ने उद्देश्यले छिटफुट मिलिट्यान्स एक्सन गर्न सक्ने सम्भावना रहेको समेत देखिएको पूर्वसंकेतहरू देखिएका हुनाले सबैलाई मान्य हुने समाधान खोजी सोही अनुरूप अगाडि बढ्न राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयले सरकारलाई आग्रह गरेको जनाएको छ ।

## vhsb

### यू-१९ क्रिकेट आजदेखि

वाई-वाई यू-१९ क्रिकेट आजदेखि काठमाडौंमा सुरू हुँदै छ । मंसिर १ सम्म चल्ने वान-डे प्रतियोगितामा नौ क्षेत्रको सहभागिता रहने नेपाल क्रिकेट संघ (क्यान) ले जानकारी दिएको छ ।

समूह 'ए' मा ४ र समूह 'बी' मा ५ टिम छन् । समूह "ए" मा क्षेत्र नम्बर-१ विराटनगर, क्षेत्र नम्बर-२ वीरगन्ज, क्षेत्र नम्बर-३ काठमाडौं र क्षेत्र नम्बर-६ बैतडी छन् । समूह 'बी' मा क्षेत्र नम्बर-४ भैरहवा, क्षेत्र नम्बर-५, नेपालगन्ज, क्षेत्र नम्बर-७ जनकपुर, क्षेत्र नम्बर-८ पोखरा र क्षेत्र नम्बर-९ महेन्द्रनगर छन् ।

प्रतियोगिताका खेलहरु कीर्तिपुर क्रिकेट मैदान, पुल्चोकस्थित इन्जिनियरिङ मैदान र भक्तपुर मैदानमा हुने छन् । फाइनल खेल मंसिर १ मा कीर्तिपुर मैदानमा हुने छ । क्यानले निकालेको 'ड्र' अनुसार उद्घाटन खेल जनकपुर र पोखराबीच हुनेछ ।

### बार्सिलोना नकआउट चरणमा

काठमाडौं । बार्सिलोना च्याम्पियन्स लिग फुटबलको नकआउट चरणमा प्रवेश गरेको छ । बुधबार राति भएको समूह चरणको चौथो खेलमा एसी मिलानलाई ३-१ गोल अन्तरले पराजित गर्दै बार्सिलोना अन्तिम १६ मा प्रवेश



गरेको हो । समूह एचमा रहेको बार्सिलोना १० अंकका साथ शीर्ष स्थानमा छ । दोस्रो स्थानमा रहेको मिलानको ५ अंक छ ।

घरेलु मैदान नाउ क्याम्पमा भएको खेलमा बार्सिलोनाले ३० औं मिनेटमा पेनाल्टी गोलमार्फत अग्रता लिएको थियो । नेयमारलाई फल गरेपछि पाएको पेनाल्टीमा लिओनल मेसीले गोल गरे । खेलको ३९ औं मिनेटमा बुस्केटले जाभीको फ्रिकिकमा गोल गर्दै बार्सिलोनाको अग्रता दोब्बर पारे । तर, पहिलो हाफको अन्त्यमा काकाको क्रस क्लियर गर्ने क्रममा जेरार्ड पिकेले आत्मघाती गोल गरेपछि बार्सिलोनाको अगता २-१ मा झऱ्यो ।

खेललाई आत्नो नियन्त्रणमा राखेको बार्सिलोनाका लागि ८३ औं मिनेटमा मेसीले सेस फेब्रिगाससँगको वान टु वान पासमा गोल गर्दै जित सुनिश्चित गरे । समूह एचकै अर्को खेलमा एयाक्सले सेल्टिकलाई १-० गोल अन्तरले पराजित गरेको छ । एयाक्सको ४ अंक छ भने पुछारमा रहेको सेल्टिकको ३ अंक छ ।

### आले मनाङको मुख्य प्रशिक्षक

गोर्खा कप, किङ्स कप र सफल पोखरा कप लगातार जितेको मनाङमर्स्याङदी क्लबले हेमन्त आलेलाई मुख्य प्रशिक्षकको जिम्मवारी दिएको छ । उनी कार्यवाहक प्रशिक्षक छँदै मनाङले पछिल्ला दुई उपाधि (किङ्स र सफल पोखरा) जितेको हो ।

अमृत पन्त मुख्य प्रशिक्षक छँदा मनाङ जेठ-असारमा भएको घरेलु सिजनको पहिलो प्रतियोगिता गोर्खा कप च्याम्पियन भएको थियो । साउन ५-२६ मा थिम्पुमा सम्पन्न किङ्स कपको पहिलो खेलपछि पन्त स्वास्थ्यका कारण जनाउँदै स्वदेश फर्किए । त्यसयता आलेले टिम सम्हाल्दै आएका छन् । उनी गोर्खा कपमा पन्तका सहायक थिए । गोर्खा कपमा समूह चरणको अन्तिम खेलमा आर्मीविरूद्ध १-० ले हारेयता १२ खेलमा मनाङ अपराजित छ । पछिल्ला ७ खेलमा मनाङ आलेले सम्हालेका थिए ।



आरसीटीसँगै सर्वाधिक ६ पटकको सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन मनाङको मुख्य प्रशिक्षकको जिम्मेवारी पाएपछि आलेले भने, 'उपाधि जित्नुभन्दा ठूलो खुसी अरु हुन सक्दैन । खेलाडी स्तरीय छन् । टिम बलियो छ । त्यसैले लगातार तीन उपाधि जित्यो । जति खेल्छौं, त्यति नै जित्न चाहन्छौं । मुख्य लक्ष्य भने लिग जित्ने नै हो ।' २०६२ यता लिग जित्न असफल मनाङलाई विभागीय टिम आर्मी, पुलिससँगै चिरपरिचित प्रतिद्वन्द्वी थ्री स्टारविरूद्धको खेल कठिन हुने उनले बताए ।

हालसम्म प्रशिक्षकको कुनै कोर्स नलिएका उनले आक्रमणसँगै रक्षात्मक खेल पनि उत्तिकै सन्तुलित बनाउने बताए । ज्ञानेश्वरका ४२ वर्षीय उनले भने, 'रणनीति प्रतिद्वन्द्वी अनुसार हुनेछ ।' मुख्य प्रशिक्षकको नाताले उनको पहिलो प्रतियोगिता सिक्किमको गभर्नर्स गोल्डकप हुनेछ । आले मनाङ र फ्रेन्ड्सका पूर्वगोलकिपर हुन् । उनी मनाङमा अजहर अधिकारीको वैकल्पिक थिए । उनी २०४२/४४ र २०४६/५० सम्म मनाङमा रहे । उनले २०४४/४६ मा फ्रेन्ड्सबाट पहिलो रोजाइमै खेलेका थिए ।

# खाद्य सम्प्रभुता र किसान आन्दोलन

***धीर बहादुर शाही***

खाद्य सम्प्रभुता कृषि क्रान्तिको महत्वपूर्ण तत्व र अन्तराष्ट्रिय किसान आन्दोलनको सशक्त माग हो । विश्वमा खाद्य सम्प्रभुता आम जनताको खाद्य तथा कृषि नीति निर्धारण गर्ने मौलिक हकको रुपमा प्रतिपादित भएको छ र यो जनताको खाद्य नीति निर्धारण गर्ने मौलिक सिद्धान्तको रुपमा विकास भइ रहेको छ । खाद्य सम्प्रभुता ग्रामीण कृषि व्यवस्था निर्माणको महत्वपूर्ण अवधारणा हो । यो ग्रामीण स्वतन्त्र र स्वाधीन अर्थ तन्त्र निर्माणको नीतिगत सोच र विचार पनि हो । यो अवधारणालाई नव उदारवादी अर्थ व्यवस्थाको विकल्पको रुपमा विकास गरि दैछ । नव उदारवाद राष्ट्रिय तथा अन्तराष्ट्रिय साधनस्रोतलाई सीमित व्यक्ति तथा बहुराष्ट्रिय निगमहरुको स्वार्थ अनुकूल हुने गरी बस्तुको उत्पादन गर्ने, उत्पादन प्रणाली विभाजन गर्ने, उत्पादन शक्तिलाई छिन्नभिन्न पारि शोषण गर्ने, राज्य नियन्त्रित अर्थ व्यवस्थालाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने, विना सरकारी अनुमगन र नियमन स्वतन्त्र बजारको वकालत गर्ने साम्राज्यवादी अर्थनीति हो । यसको विकल्पको रुपमा स्वतन्त्र, आत्म निर्भर र स्वाभिमानी अर्थ तन्त्र निर्माणको अवधारणाको रुपमा विश्वका जनताहरुले खाद्य सम्प्रभुताको अवधारणा अगाडि ल्याएका हुन् । खाद्य सम्प्रभुताको चर्चा गर्नुभन्दा अगाडि खाद्य अधिकार र खाद्य सुरक्षावारे चर्चा गर्न जरुरी छ ।

खाद्य अधिकार मानव मात्रको सबैभन्दा ठुलो मानवअधिकार खाद्य अधिकार अथवा भोग विरुद्धको अधिकार हो । राजनैतिक स्वतन्त्रताका अधिकारहरु : वाक स्वतन्त्रता, बोल्न पाउने, लेख्न पाउने, विरोध गर्न पाउने, राजनैतिक अधिकारहरु : मतदान गर्न पाउने, चुन्न, चुनिने पाउने, पार्टी खोल्न पाउने महत्वपूर्ण हुन् तर प्रथम र आधारभूत अधिकार भन्नाले खाना पाउने अधिकार, बसोवासको अधिकार, शिक्षा पाउने अधिकार, स्वास्थ्य उपचारको अधिकार, स्वच्छ पानी पिउने अधिकार र सामाजिक सुरक्षा पाउने अधिकारलाई लिईन्छ । तर यो हाम्रो जीवनमा भने यी अधिकारहरु आधारभूत मानव अधिकारको रुपमा स्थापित हुन भने सकेका छैनन् । खाद्य अधिकार त्यतिवेला प्रत्याभूति भएको मानिने छ जतिवेला एक स्वस्थ मानवको सक्रिय जिवन व्यतित गर्नका लागि आवश्यक पर्ने पोषणयुक्त खाना सुरक्षित खाना, सांस्कृति जन्य खाना यथेष्ट मात्रामा, शुलभ दरमा र समयमै उपलब्ध हुनका लागि नागरिक आर्थिक र भौतिक रुपमा सक्षम रहेको हुन्छ । चाहे धनी होस, चाहे गरिब होस्, चाहे बलियो होस्, चाहे निर्बलियो होस् जो कोहीले पनि उसको व्यक्तिगत र सांस्कृतिक रुचि अनुसार पौष्टिक र गुणस्तरीय आहारले पेट भर्न पाउने अधिकार नै खाद्य अधिकार हो । खाद्य अधिकार व्यक्तिको यस्तो अधिकार हो जुन अखण्डित र अभिभाज्य, अवि छिन्न अहरणिय र अजात्य हुन्छ ।

आर्थिक तथा भौतिक रुपमा हरेक मानिसको आफ्नो दैनिक आहार र चाहाना बमोजिम पर्याप्त सुरक्षित र पौष्टिक खाना प्राप्त गर्ने अवस्थालाई खाद्य सुरक्षा भनिन्छ । भोग विरुद्धको अधिकारको कुरा गर्दा स्वस्थ र सक्रिय जीवनका लागि आवश्यक पर्ने सन्तुलित भोजन अनिवार्य सर्त हो । पर्याप्त र पोषणयुक्त भोजन सबै नागरिकलाई उनीहरुले चाहेको समयमा उपलब्ध गराउनु पर्छ । यसलाई खाद्य सुरक्षा सम्बन्धि प्रारम्भिक अवधारणाको रुपमा व्यक्त गरिएको पाइन्छ । भौतिक र आर्थिक दुवै हिसाबले खान पाउने अधिकार नागरिकको पहुँच भन्दा टाढाको विषय बन्नु हुँदैन । खाद्य सुरक्षा त्यति वेला देशका सबै नागरिकले खान पाउने छन् । यो परिभाषा विश्व खाद्य शिखर सम्मेलनले तय गरेको हो । खाद्य सुरक्षाको प्रत्याभूति नागरिकलाई दिलाउनका निम्ति सधैं भरि मुलुकमा खाद्यन्नको प्रयाप्त भण्डारण हुनु पर्ने, नागरीकलाई खाद्य सुरक्षाको प्रत्याभूति दिइनु पर्ने, आपतकालिन खाद्यन्न आपुर्ति कार्यक्रम हुनु पर्ने, प्राकृतिक प्रकोपको वेला पर्याप्त खाद्यन्न उपलब्ध गराउनु पर्ने, पर्याप्त खाद्यन्न उपलब्ध नहुने क्षेत्रमा खाद्य समयमा नै उपलब्ध हुने गरी प्रयाप्त भण्डारण गरीनु पर्ने, स्वस्थ खाद्यन्न आपूर्तिको प्रत्याभूति हुनु पर्ने लगायतका विषयवस्तु पर्दछन् ।

खाद्य सम्प्रभुता भनेको जनताको खान पाउने यस्तो सम्प्रभु अधिकार हो, जुन, अभिभाज्य, अहरणीय, अविछिन्न र अत्याज्य हुन्छ । यसरी जनताको संस्कृति अनुसार दीगो कृषि प्रणाली अनुरुप वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने गरी उत्पादित खाद्य पदार्थमाथि जनताको अधिकार हो , यसमा कृषकको आफ्नो खाद्य र कृषि प्रणाली छनौट गर्ने अधिकार तथा जमिन,जल, जडीबुटी, जैविक विविधता, जनावर, चरण क्षेत्र र बिउ बिजन माथिको पहुँच तथा नियन्त्रणको सुनिश्चितता हुन्छ । यसले बाह्य देशबाट अनियन्त्रित तरिकाले खाद्यन्न तथा कृषि उत्पादनहरु थुप्रिने ( मफउन्लन) स्थितिलाई नियन्त्रण गर्दछ । यसको खाद्यन्न उत्पादन तथा वितरणको मुख्य उदेश्य मुनाफाका लागि नभएर मानव समुदायको जीवन रक्षाका लागि हुन्छ । यसको उच्च प्राथमिकता कृषिको विकास र किसानहरुको अधिकार रक्षाका लागि हुन्छ । खाद्य सम्प्रभुताको विश्वव्यापि आन्दोलन सञ्चालन गरि रहेको अन्तराष्ट्रिय किसान आन्दोलन (ला भिया क्याम्पेसिना) ले खाद्य सम्प्रभुतालाई यसरी परिभाषित गरेको छ "खाद्य सम्प्रभुता भन्नाले मुलुक र जनताको कृषि तथा खाद्य नीति तथा कार्यक्रम आफै परिभाषित गर्ने त्यो अधिकारलाई बुझाउँछ, जहाँ विदेशबाट कृषि तथा अन्य उत्पादनहरु अधिक बिजकी (मफउब्लन) हुने अवस्था रहँदैन । यसमा खाद्य उत्पादन र उपभोगमा स्थानीय समुदायको आवश्यकता र क्षमतालाई प्राथमिकताका साथ समायोजन गरिएको हुन्छ । खाद्य सम्प्रभुतालाई राष्ट्रिय कृषि अर्थ तन्त्रलाई सुरक्षित गर्न र नियमित राख्ने अधिकारको प्रत्याभूति गर्दै भूमिहीन तथा साना किसान पिछडिएका र सिमान्तकृत समुदायको जमिन, जल र बिउ बिजन माथिको पहुँच तथा नियन्त्रणको सुनिश्चितता गर्दछ । यसले व्यापार नीतिलाई भन्दा दीगो कृषि विकासलाई उच्च प्राथमिकता दिन्छ ।"

यसरी खाद्य सम्प्रभुताले जनताको वास्तविक खाद्य अधिकार त्यतीवेला प्रत्याभूति गर्न सक्दछ, जतिवेला उनीहरुको तिन "भू" भू-स्वामित्व, भू-व्यवस्थापन र भू-नीति निर्माणमा पहुँच र नियन्त्रण हुने गर्दछ, भन्ने कुराको वकालत गर्दछ । अर्थात भूमिको मालिक कृषिमा प्रत्यक्ष संलग्न किसानहरु हुनु पर्ने, भूमिको न्यायोचित वितरणका साथै उकास विकास र उत्पादनमा प्रयोग हुनु पर्ने र भूमि तथा यससँग सम्बन्धित सम्पूर्ण जल, जङ्गल जडिबुटी र जैविक विविधताको विकास, संरक्षण र संवर्धनका लागि नीति समेत किसानले निर्माण गर्न पाउनु पर्दछ । यसरी मात्र एक नागरिकले आफूले चाहेको पौष्टिक आहार उसको सांस्कृतिक परम्परा अनुसार पेटभरि खान पाउन सक्दछ र उसको आधारभूत मानव अधिकारको ग्यारेन्टी हुन सक्दछ । यसले खाद्य सुरक्षाको प्रत्याभूति दिलाउन सक्छ ।

तर अहिले विश्वका जनताहरु खान पाउने आधारभुत अधिकारबाट वञ्चित भइ रहेका छन् । विश्वलाई पुग्ने खाद्यन्न उत्पादन नभएको भन्ने होइन तर त्यो उत्पादनमाथि गरिब जनताहरुको पहुँच र अधिकार हनन् गरिएको छ । साम्राज्यवादीहरुको नाफाखोर रवैयाका कारणले नै हाल विश्वमा एक अरब जनताहरु भोकमरीको शिकार हुन पुगेका छन् । बर्षेनी खान नपाएरै करोडौं मानिसहरु त्यसमध्ये ६० लाख भन्दा बढी बालबलिकाहरु मृत्यु वरण गर्न पुग्छन् । यसलाई दिनमा लैजादा हरेक दिनमा २५ हजार मानिसहरु मृत्यको मुखमा खाना नपाएर जान्छन् । हरेक सेकेन्डमा विश्वमा एक जना बच्चा खानै नपाएर मर्छ । यसरी भोकमरीको सिकार गरिब तथा भूमिहीन किसानहरु, कृषि श्रमिकहरु, मजुदुरहरु, दलित, महिला, आदिबासी, सिमान्तकृत जनता आदि हुन पुगेका छन् ।

त्यसैले हरेक नागरिकको खाना पाउने अधिकारको हरेक हिसाबले ग्यारेन्टी हुनु पर्दछ । खाना पाउने अधिकार व्यक्तिको नैसर्गिक अधिकार हो । यसलाई कसैले पनि हरण र अपहरण गर्न पाउदैन भन्ने मान्यताका साथ खाद्य सम्प्रभुताको सिद्धान्त प्रतिपादन भएको हो । यो यतिखेर अन्तराष्ट्रिय किसान आन्दोलनको व्यानरको रुपमा स्थापित भएको छ । अन्तराष्ट्रिय किसान आन्दोलनको मार्ग दर्शक सिद्धान्त बन्न पुगेको छ । आज विज्ञान र प्रबिधिको दुरुपयोग गर्दै विश्व व्यापीकरण र खुला बजार तथा नव उदारवादी अर्थ तन्त्रको नाममा संसार भरका किसानहरुलाई शोषण गर्ने र उनीहरुको पुस्तेनि थलोबाट बेदखल गर्ने काममा सामन्तवाद र साम्राज्यवाद न्वारन देखिको बल प्रयोग गर्दै लागि रहेका छन् । पूँजीवादको तिब्र विकासले सामन्तवाद संसारबाटै समाप्त भइ रहेको छ भने पूँजीवादको मरणासन्न अवस्थामा रहेको साम्राज्यवाद किसानको सबभन्दा खुङ्खार दुष्मनका रुपमा देखा परेको छ । सामन्तवाद र साम्राज्यवादका आडमा हुर्केका विश्व व्यापार सङ्गठन, विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष र एसियाली विकास बैंक तथा विभिन्न नामका बहुराष्ट्रिय निगम मार्फत साम्राज्यवाद विश्व व्यापी रुपमा आफ्नो प्रभुत्व स्थापित गर्न प्रयत्नरत छ । साम्राज्यवादको अहिलेको नीति नव उदारवाद हो । यसको उत्पीडनको सिकार अहिले एसिया, अफ्रिका र दक्षिण एसियाका अविकसित र विकासोन्मुख मुलुकका किसान जन समुदाय बनेका छन् । साम्राज्यवादले ती-ती देशका प्रतिकृयावादी सरकारसँग मिलेर नै आफ्नो उत्पीडनकारी पन्जा फैलाउने काम गरेको छ । यसरी खाद्य सम्प्रभुता अहिले साम्राज्यवादको मानवता विरोधी क्रियाकलापको विरुद्धको आन्दोलन हो । विकाशोन्मुख तथा विकासशील राष्ट्रको खाद्य तथा कृषि क्षेत्रको स्वाभिमानताको आन्दोलन हो ।

खाद्य अधिकारको अवधारणा व्यक्तिको केवल दुई छाक खानुसँग मात्र सम्बन्धित छ भने खाद्य सुरक्षाले खाद्यन्नको परिमाणमा जोड दिएको पाईन्छ । यसको अर्थ कुनै देश नागरिकलाई पुग्न सक्ने खाद्यन्न त्यो देशमा उपलब्ध छ भने उक्त देश खाद्यन्नमा सुरक्षित भएको मानिन्छ । अर्थात कुनै पनि देशको नागरिकलाई चाहिने खाद्यन्नको परिमाण बराबर त्यस देशमा उपलब्ध खाद्यन्नको परिमाण बराबर खाद्य सुरक्षा मानिन्छ । मानौकि नेपालको जन सङ्ख्यालाई चाहिने अढाइ करोड किलोग्राम खाद्यन्न नेपाल भित्र छ भने नेपाललाई खाद्य सुरक्षा भएको देश मानिन्छ । जनताको खान पाउने अधिकार केवल दुई छाक खाना पाउने र देशमा जन सङ्ख्यालाई चाहिने परिमाणको खाद्यन्न उपलब्ध हुनु मात्र होइन् । त्यो खाद्यन्नमाथि जनताको पहुँच छ कि छैन ? खाद्यन्न उत्पादनका साधनमाथि कसको स्वामित्व कायम छ र उत्पादनका साधन र उत्पादित वस्तुको वितरण सम्बन्धी निति निर्माण कसले गर्छ ? यस्ता महत्वपूर्ण सवालमा खाद्य अधिकार र खाद्य सुरक्षा प्राप्तिका लागि राज्यको दायित्वलाई खाद्य सुरक्षाले व्यवस्थित तरिकाले सम्बोधन गरेको छैन ।

skt/ 6

## ग्लोबल आइएमई, इमिरेट्स इन्डिया र अलअमनाबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंकले युएईको इमिरेट्स इन्डिया इन्टरनेशनल र कतारको अलअमाना एक्सचेञ्जसँग व्यवसायिक सम्झौता गरेको छ । बैंकले रेमिट्यान्स कारोबारमा सहजता होस भनेर दुई संस्थासंग व्यवसायीक सम्झौता गरेको हो । सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, इमिरेट्स इन्डिया इन्टरनेशनलको तर्फबाट अध्यक्ष हुमिद सत्ताफ र अलअमाना एक्सचेन्जको तर्फबाट निर्देशक तरिक उमर एच अलमानले हस्ताक्षर गरे ।

सम्झौतापछि इमिरेट्स इन्डिया इन्टरनेशनलका युएईमा रहेका सबै शाखाहरू र कतारको अमान एक्सचेन्जका सम्पूर्ण शाखाहरूमार्फत नेपालीले पठाएको रेमिट्यान्स ग्लोबल आईएमई बैंकका ७२ शाखाहरू र इन्टरनेशनल मनि एक्सप्रेस आइएमईका २५ सय एजेन्टमार्फत भुक्तानी लिन सकिनेछ ।

ग्लोबल आइएमई बैंकले युएई, कतार, बहराइन, इन्डिया, युके तथा दक्षिण कोरियालगायतका मुलुकहरूमा आफ्नो रेमिट्यान्स कारोबार यस अघिदेखि नै गर्दै आएको छ ।

## पूर्वमा पर्यटकीय सिजन सुरु

तेह्रथुम । वर्षा रोकिएर मौसम खुले लगत्तै वसन्तपुर हुँदै कुम्भकर्ण, मकालु र कञ्चनजंघा हिमाल बेस क्याम्पतर्फ जाने विदेशी पर्यटकको संख्या वृद्धि भएको छ । लगातारको वर्षापछि मौसम खुलेकाले पर्यटक आगमनको संख्या बढेको हो । अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनको सिजन यस वर्ष ढिलो सुरु भएको हो । यी हिमाल बेस क्याम्पसम्म पुग्ने मुख्य पदमार्गका रुपमा रहेको वसन्तपुरमा कात्तिक पहिलो सातादेखि नै आन्तरिक तथा बाह्य पर्यटक आउन सुरु गरेका हुन् । मौसम परिवर्तनसँगै यहाँको पर्यटन व्यवसाय पनि फस्टाउँदै गएको छ ।

पर्यटक आउन थालेपछि वसन्तपुर माथिका मुढेशनिश्चरे, चौकी, मंगलबारे, गुफा बजार लगायतका होटल तथा लजहरुमा पर्यटकको भीडभाड देखिन थालेको छ । यी बजार क्षेत्रका ठूला होटलहरु पर्यटकका कारण प्याक छन् । कात्तिक लागेयता जर्मनी, नाइजेरिया, नर्वे, बेलायत, अमेरिका, भारत, पोर्चुगल, अष्ट्रेलियालगायत देशबाट पर्यटकहरु आइरहेका छन् । बाहेर महिना चिसो र ठण्डा मौसम रहने यस क्षेत्रमा पछिल्लो समय दार्जिलिङ, इलाम, झापा, काठमाडौं, मकवनपुर, चितवन, बुटवल, विराटनगर तथा धरानदेखिका आन्तरिक पर्यटकहरु पनि आउने गर्छन् ।

पर्यटक आगमनको यो संख्या देखेर यहाँका पर्यटन व्यवसायी पनि निकै उत्साहित भएका छन् । दुई वर्षयता यो क्षेत्र देशका विभिन्न जिल्लाका विद्यार्थीका लागि शैक्षिक भ्रमण, कृषि तथा पशुपालक किसानका लागि अध्ययन अवलोकन भ्रमण तथा गुराँस तथा जैविक विविधताको अध्ययन अवलोकन गर्नेका लागि गतिलो गन्तव्यका रुपमा विकास भइरहेको छ ।

## दियो सहकारीले १५ प्रतिशत लाभांस दिने

काठमाडौं । काठमाडौंको चाल्नाखेलस्थित दियो सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडले आर्थिक वर्ष २०६९/०७० को नाफाबाट शेयरधनीलाई १५ प्रतिशत लाभांस दिने भएको छ । संस्थाको पाँचौं वार्षिक साधारणसभाले सो लाभांस दिने प्रस्ताव पारित गरेको हो ।

शेयर पूंजी ४८ लाख ५९ हजार रुपैयाँ रहेको संस्थाले गत आर्थिक वर्षमा ५ करोड ८८ लाख ९८ हजार रुपैयाँ निक्षेप संकलन गरेको छ । त्यस्तै, ५ करोड ५८ लाख १८ हजार रुपैयाँ कर्जा प्रवाह गरेका छ । संस्थाले सो अवधिमा २१ लाख १६ हजार रुपैयाँ मुनाफा आर्जन गरेको अध्यक्ष विकास थापाले जानकारी दिए । हाल संस्थामा २ हजार ३ सय ३० जना सदस्यहरु आबद्ध रहेका छन् । स्थापना कालदेखि नै संस्थाले शेयरधनी सदस्यहरुलाई १५ प्रतिशतका दरले लाभांश वितरण गर्दै आइरहेको छ । सभाले विकास थापाको अध्यक्षतामा नयाँ सञ्चालका समिति तथा लेखा समितिसमेत निर्वाचित गरेको थियो ।

## सेवालाई १० जिल्लामा कार्यक्षेत्र विस्तार स्वीकृति

बुटवल । सेवा विकास बैंक लिमिटेड, बुटवलले १० जिल्ला कार्यक्षेत्र रहने गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेको छ । यससँगै साविकको ३ जिल्ला रुपन्देही, नवलपरासी र कपिलवस्तुसहित ७ जिल्ला पाल्पा, स्याङ्जा, चितवन, गुल्मी, अर्घाखाँची, दाङ र बाँकेमा कार्यक्षेत्र विस्तार गर्न बैंकलाई बाटो खुला भएको छ ।

१ करोड २० लाख चुक्ता पुंजीबाट सुरु गरिएको बैंकको हालको चुक्ता पुंजी २५ करोड ७६ लाख रहेको छ । २ अर्ब ७२ करोड निक्षेप तथा २ अर्ब ३६ करोड कर्जा लगानी रहेको बैंकले जनाएको छ । बैंकले छिट्टै गोरुसिंगे शाखामा थप एटिएम जडान गर्ने योजना रहेको बैंकले जनाएको छ । विगत ३ वर्षदेखि निष्क्रिय कर्जा शून्य प्रतिशत कायम राख्न बैंक सफल रहेको जनाएको छ । नेपाल स्टक एक्सचेन्जबाट 'क'वर्गको कम्पनीको रुपमा सूचीकृत हुँदै आएको बैंकले आगामी २८ कात्तिकमा सातौं वार्षिक साधारणसभा गर्न गइरहेको विज्ञप्तिमार्फत जनाएको छ ।

## गुह्येश्वरी फाइनान्सको बोनस सेयर वितरण

गुह्येश्वरी फाइनान्सले आव ०६९/७० को मुनाफाबाट १५ प्रतिशत बोनस सेयर र २ प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ । सञ्चालक समितिबाट पारित भएअनुसार नेपाल राष्ट्र बैंकको स्वीकृतिपश्चात् वितरण गरिने कम्पनीले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । ०७० असोजमसान्तसम्म संस्थाको निक्षेप ९० करोड २४ लाख, कर्जा ८५ करोड ७३ लाख तथा सञ्चालन मुनाफा १ करोड ४७ लाख रुपैयाँ रहेको विज्ञप्तिमा उल्लेख छ ।

## २६ सिट...

प्रतिनिधि हुन नसकेका जातजाति, अल्पसंख्यक लगायत सम्बन्धित विषयका विज्ञहरू मनोनित हुन सक्ने व्यवस्था गरेको हुनाले एउटा पार्टीलाई मात्र २६ सिट दिन्छु भन्ने दाहालको घमण्डीपन र केटाकेटीपनबाहेक अन्य केही हुन सक्दैन । नेकपा-माओवादीले लामो समयदेखि नै आफ्ना मागहरू अगाडि सारेको भए पनि त्यसलाई वेवास्ता गर्दै जबर्जस्ती भए पनि निर्वाचनमा जाने निर्णय गर्ने दाहाल नै प्रमुख पात्र हुन् । मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सिट नेकपा-माओवादीलाई दिन्छु भन्नु नेकपा-माओवादीलाई अपमान गर्नुबाहेक अन्य केही हुन सक्दैन । नेकपा-माओवादी राजनीतिक पार्टी हो, उसलाई जनताको बाहेक अन्य कुनै दलको आशिर्वाद आवश्यक छैन ।

पछिल्लो समयमा एमाओवादी निकै अप्ठ्यारोमा छ । उसले मुलुकभरबाटै आन्तरिक चुनावी सर्वेक्षण समेत गर्न लगाएको र त्यो सर्वेक्षणले एमाओवादीले पहिला ल्याएको प्रत्यक्षतर्फका सिट संख्या १ सय २० अहिले कुनै हालतमा पनि ल्याउन नसक्ने अवस्था देखिएपछि आफ्नो पार्टीगत स्वार्थ र दाहालको व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि मात्र २६ सिट नेकपा-माओवादीलाई दिने प्रस्ताव अगाडि सारेको हो । २६ सिट नेकपा-माओवादीलाई दिने अधिकार दाहाललाई छैन । सबै दलको सहमति नलिइकन उनले मात्र २६ सिट दिनसक्ने अवस्था नभए पनि भोट बटुल्नकै लागि उनले त्यस्तो अभिव्यक्ति दिएको नेपाली काँग्रेस र नेकपा-एमालेका नेताहरूले आरोप लगाएका छन् । यदि दाहालले चाहेका भए नेकपा-माओवादीले राखेका मागहरू पहिला नै पूरा हुन सक्थे तर दाहालले नेकपा-माओवादीलाई पार्टीगत रूपमा स्वीकार गर्न नसकेका हुनाले नै समस्या थपिएको काँग्रेस, एमालेको बुझाइ रहेको छ ।

दाहाल अहिले चुनावी प्रतिस्पर्धामा हारेका छन् । त्यसैले उनी बरबराउन थालेका छन् । आफूलाई हराउन सबै पार्टी लागेका भन्दै मनगणन्ते उद्घोष गर्दै आफूले चुनाव हारेको खण्डमा नराम्रो सन्देश जाने भन्दै एक प्रकारले आफैँलाई जिताउन जनतालाई धम्की दिइरहेका छन् । चुनाव हार्दैमा कहिँकतै नराम्रो सन्देश जाँदैन भन्ने प्रमाणित कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्री रहेकै बेला चुनाव हारे । नेकपा एमालेका माधवकुमार नेपालले दुई/दुई ठाउँबाट चुनाव हारे । त्यसै गरी अन्य दलका शीर्ष नेताहरूले समेत चुनाव हारे । आखिरी भयो के त ? दाहालले चुनाव हार्दैमा पहाड पनि भासिँदैन, आकाश पनि खस्दैन बरू उनले चुनाव हारेमा उनी सचिन बाध्य हुनेछन् ।

## टुरिस्ट...

बनेका हुनाले उनीहरूलाई स्थानीय मतदाताले भोट नदिने प्राय:निश्चित जस्तै देखिएको छ । पहिलो संविधानसभाको चुनावमा उम्मेदवार हुँदा जनतालाई ढाँटेको, पुग्नै नसक्ने कुरा बोलेको र जनतासँग कहिल्यै सम्पर्कमा नआएको, विकास निर्माणका कार्यमा समेत सहभागिता नजनाएको र आफ्नो निर्वाचन क्षेत्रका बासिन्दालाई भेटघाट गर्न समेत नदिइएको भन्दै पहिलो संविधानसभामा निर्वाचित भएका त्यस्ता व्यक्तिहरूलाई पुनः मत नदिने स्थानीयवासीहरूको भनाइपछि उनीहरू अर्को क्षेत्रबाट समेत उम्मेदवार बनेका छन् ।

दुई निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनेहरूमा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल काठमाडौँ १० र सिराहा ५, एमाले अध्यक्ष झलनाथ खनाल इलाम १ र सर्लाही १, बाबुहराम भट्टराई गोरखा र रूपन्देही, नेपाली काँग्रेस सभापति सुशील कोइराला बाँके र चितवन, शेरबहादुर देउवा डडेलधुरा र कैलालीमा रहेका छन् । त्यसै गरी माधवकुमार नेपाल काठमाडौँ र रौतहट, विजयकुमार गच्छदार मोरङ र सुनसरी, उपेन्द्र यादव मोरङ र सुनसरीमा रहेका छन् । पहिलो संविधानसभामा एउटा जिल्लाको निर्वाचन क्षेत्रबाट उम्मेदवार भएर चुनाव जितेका व्यक्तिहरू अहिले अर्को जिल्लामा गएर उम्मेदवार बनेर चुनाव जितेका व्यक्तिहरू अहिले अर्को जिल्लामा गएर उम्मेदवार बनेर त्यहाँका जनतालाई सपना बाँडिरहेका छन् । उनीहरू अर्को

## आम हड्ताल...

जसरी पनि निर्वाचन बहिष्कार गरिन्छ भनेर अग्रसर भएको छ । सरकार नेकपा-माओवादीका कार्यकर्ताहरूलाई गिरफ्तार गर्न र संवेदनशील क्षेत्रहरू पहिचान गरेर सुरक्षाकर्मी व्यापक परिचालन गर्न थालेको छ ।

निर्वाचनका दिन जे पनि हुनसक्छ भनेर आम नागरिकहरू मतदान गर्न उत्साहित देखिँदैनन् । मंसिर ४ मा प्रत्येक पार्टीसँग सम्पर्कमा रहेका कार्यकर्ता र तिनका परिवारले मात्र मतदान गर्ने हुन् कि भन्ने विषयमा निर्वाचन आयोग र सरकार छलफलमा जुटिसकेका छन् ।

यी विश्लेषणको मुख्य आधार २५ गतेदेखि सुरू हुने १० दिने आम हड्ताल के होला, कसो होला भन्ने विषयमा केन्द्रित छ । विज्ञहरू त भन्छन् - आम हड्तालको दोस्रो दिन २६ गते नै निर्वाचन स्थगित हुनेछ ।

## सम्पर्कविहीन...

भनेर नसोध्न र कस्तो छ भनेर मात्र आफूहरूलाई सोध्न आफन्तहरूलाई आग्रह गरेका छन् ।

हालसम्म ताप्लेजुङका २, पाँचथरका एक र इलामका २ जना नेकपा-माओवादी कार्यकर्ताहरू पक्राउ परेका छन् । पार्टी नेताहरू धमाधम पक्राउ पर्न थालेपछि पार्टी नेतृत्वलाई समेत सजग रहन आग्रह गरेको भन्दै प्रहरीले कहिले दाइ कता र कहिले भाइ कता र कहिले सर कता भन्दै फोन गर्ने गरेको हुनाले आफूहरूलाई सम्पर्कमा रहन अप्ठ्यारो भएको नेकपा-माओवादी केन्द्रीय सदस्य एवम् लिम्बूवान राज्य इन्चार्ज इन्द्र आङ्देम्वेले बताएका छन् । यसरी नेकपा-माओवादीका धेरै नेता तथा कार्यकर्ताहरू सम्पर्कविहीन अवस्थामा रहेपनि उनीहरूबाट चुनाव विरोधका कार्यक्रमहरू तयार हुने र गुप्त स्थानबाटै उनीहरूले आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिनसक्ने सम्भावना बढेर गएको छ । पछिल्लो समयमा मुलुकभरकै नेकपा-माओवादीका नेता तथा कार्यकर्ताहरूमाथि प्रहरी प्रशासनले निगरानी बढाएको छ । प्रहरीका अनुसार माओवादी कार्यकर्ताहरूले निर्वाचन भाँड्ने, चुनावी प्रचारप्रसार सामग्री लुट्ने र जलाउने कार्यलाई तीव्रता दिएको हुनाले उनीहरूमाथि निगरानी बढाइएको बताइएको छ । निर्वाचनविरूद्ध रहेका ३३ दलमध्येका संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्वद्ध संघीय लिम्बूवान राज्य परिषद्का नेता र कार्यकर्ताहरूलाई पनि सचेत रहन आग्रह गरिएको नेकपा-माओवादीका एक नेताले बताएका छन् । हालसम्म मेची अञ्चलमा मात्रै चुनाव विरोधमा लागेको भन्दै प्रहरीले २५ जनामाथि मुद्दा चलाएको छ ।

लिम्बूवान राज्य परिषद् झापाका अध्यक्ष धनबहादुर पन्दाकका अनुसार खेतीवारीमा काम गरिरहेका आफ्ना कार्यकर्ताहरूलाई समेत प्रहरीले पक्राउ गरेको हुनाले आफ्ना कार्यकर्ताहरूलाई सजग रहन निर्देशन दिएको बताएका छन् । वहिष्कारवादी दलहरूले चुनाव जति नजिकिँदै जान्छ त्यति नै बढी विरोधी कार्य गर्न सक्ने भएको हुनाले सरकार पनि त्यसै अनुरूपका कार्यमा अगाडि बढे पनि शान्तिसुरक्षा चुस्त र दुरूस्त हुन सक्ने कुरामा जनताले विश्वास गर्न सकिरहेका छैनन् ।

## वैद्यका...

र अग्रगमन नचाहने चार दलीय सिन्डिकेटले ३३ दलीय मोर्चालाई वेवास्ता गर्दै उसले राखेका जायज मागहरू पूरा नगरेको हुनाले दलहरूबीच झडपको अवस्था सिर्जना गर्ने चार दलीय सिन्डिकेटकै नेताहरू रहेको आरोप थापाको थियो ।

अघिल्लो पटकको निर्वाचनमा गणतन्त्र र संघीयताको मुद्दामा एक भएका दलहरूले नाटकीय ढंगबाट संविधान नै जारी नगरी संविधानसभाको विघटन गरेको चर्चा गर्दै अध्यक्ष थापाले भने - त्यस्ता दलहरूले जनतासँग माफी नै नमागी फेरि आफूलाई भोट माग्ने अधिकार छैन । पहिलो संविधानसभाबाट संविधान जारी गर्न नसकेको विषयमा ठूला दल भनिएका दलका शीर्ष नेताहरूले जनतासँग माफी माग्नै पर्दछ भन्दै त्यसो नभएसम्म त्यस्ता दलहरूलाई भोट नदिन उपस्थित भएका र नभएका सबै जनतालाई आग्रह गरेका थिए ।

संविधान निर्माणका नाममा खर्च भएको सयौं करोड रूपैयाँको हिसाबकिताब लिन पनि अन्य दलका नेताहरूलाई भोट नदिई आफ्नो दल राप्रपा नेपाललाई मतदान गर्न आग्रहसमेत गरेका थिए । हजारौं जनताको उपस्थिति रहेको आमसभामा राप्रपा नेपालका अन्य नेताहरूलेसमेत सम्वोधन गर्दै आफ्नो पार्टीका प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेद्वारलाई मत दिएर अत्यधिक मतले जिताउन आग्रह गरेपछि उपस्थित जनसमुदायले एक भोट गाइलाई भन्दै चर्को नाराबाजी गरेका थिए । यसरी विस्तारै राप्रपा नेपालको पक्षमा व्यापक जनलहर आएपछि अन्य दलहरूले राप्रपा नेपालको विपक्षमा अनेक हथकन्डा अपनाउँदै आएका हुनाले त्यसतर्फ राप्रपा नेपालका नेता र कार्यकर्ताहरू सजग रहनै पर्ने एक मतदाताले बताएका छन् ।

## द्वन्द्व...

कृयाकलापले पनि 'काम' गरिरहेको छ । त, एकातिर चुनाव हुने वा नहुने दोधार छ भने अर्कातिर जबरजस्ती गराइहाले पनि 'कम मत' खस्ने खतरा पनि उत्तिकै छ । यस्तो 'वातावरण'मा भएको र गराइएको चुनावले मुलुकको मूल कानुन बनाउन कत्तिको सघाउने (!) हो ? त्यो स्वयं निर्वाचन पक्षीयहरूले पनि भन्न सक्दैनन् । के काम यस्तो चुनावको ? जसले नगरपालिका वा गाविसको चुनावको जत्तिको पनि हैसियत राख्दैन । आफ्ना कुण्डले-मुण्डलेहरूलाई मात्र लागेको चुनावले न आफ्नो र आफ्नो पार्टीको भलो गर्छ न त देशका समस्याहरूको निकास नै निकाल्न सक्छ भनेर कतिपटक सम्झाइ रहनु, यिनलाई ? फेरि पनि भनौं, जबसम्म सबैलाई साथ लिएर अगाडि बढ्ने वातावरण बन्दैन, तबसम्म 'यसरी नै' मुलुक चलाइरहे (?) के बिग्रन्थ्यो ? ०६२/०६३ सालदेखि भाँडभैलोमा नै चलिआएको मुलुक यसरी नै चलिरहन्थ्यो, सबैलाई समेट्ने वातावरण नबनुन्जेल ! के हुन्थ्यो र ? 'चुनाव कुनै हालतमा रोकिन्न' भनेर यहाँका कथित प्रमुख नेताहरूले आगोमा झन् घिउ थप्ने र 'अन्तर्राष्ट्रिय समुदाय'को नाममा 'चुनाव रोक्नु कानुन विरोधी हुने' जस्ता विज्ञप्ति जारी गर्न लगाएर मुलुकलाई अझ खुल्लारूपमा अन्तर्राष्ट्रिय जगतको खेलमैदान बनाउने कुकार्य किन भैरहेछ ? गत बुधबार काठमाडौंमा रहेका सबै मुलुकका राजदुतहरूको बैठकपछि तिनीहरूका तर्फबाट (!) संयुक्त राष्ट्र संघका आवासीय संयोजक जेमी म्याक्गोल्डटिकद्वारा जारी विज्ञप्तिमा 'सबैलाई समेटेर' वा 'सबैर्लाइ मान्य हुने' चुनाव सम्पन्न गराउनतिर यहाँको सरकार र यहाँका राजनीतिक दलहरूलाई आग्रह गरिनुपर्नेमा अझ 'भड्काउने खालको' विज्ञप्ति पो आयो भनेर केही स्वतन्त्र व्यक्तिहरूले भन्न थालेका छन् । अझ केही उपबुज्रुकहरू त यो विज्ञप्तिले नेपाल र नेपालीहरूको विनाशमा को को संलग्न रहेछन् ? त्यो प्रष्ट हुन गयो भनेर आफ्नो विद्वता छाट्न थालेका छन् । अब अरू कुरा त छँदैछ, त्यो जबरजस्ती हटाइएको (?) राजसंस्थाको बारेमा मौन रहेका यहाँका दलहरूले त्यो संस्थालाईसाथ नलिई आफूहरू 'सफल' हुन सक्ने ठानेका छन् ? यस विषयमा किन अन्तर्राष्ट्रिय जगतको ध्यान पुगेन ? यहाँको सवाल र समस्या नेकपा-माओवादी र ऊसँग आवद्ध दलहरूको मात्र होइन । यहाँ त परम्परागत शक्ति अर्थात् राजसंस्थालाई पनि 'स्थान' दिनुपर्ने अवस्था छ । खोई त्यस बारेमा गम्भीर भएर विचार गरिएको ? षड्यन्त्रपूर्वक विस्थापन गरिएको नेपालको राजसंस्थाका बारेमा छिनोफानो भैसक्यो ? ८१ प्रतिशत हिन्दूहरू रहेको यो मुलुक साँच्चिकै धर्म निरपेक्ष भैसकेको हो ? के संविधान निर्माण खेलाँचीको कुरो हो ? वर्ष वर्षमा गरिने चुनाव हो ? प्रष्ट हौं, 'जसको लाठी उसको भैंसी' भन्ने उक्ति त्यो कथित जनयुद्धमा चल्यो होला ! अबको नेपालमा चल्दैन । यस्ताहरूले अब एक वर्षमा संविधान निर्माण गरिसक्ने रे ! कसैलाई विश्वास छ ? कांग्रेस, एमाले ते एमाओवादी अनि ती भुरेटाकुरे मधेसवादीहरूको मात्र संविधान हुने हो ? ती बाहेकका अरू नेपालीहरूलाई नसमेटी निर्माण गर्ने हो भने मंसिर ४ को (कथित) चुनाव जसरी पनि सम्पन्न गर्नै पर्छ । होइन, मुलुकमा सबै थरीलाई सम्बोधन गरेर, सबैलाई साथ लिएर साँच्चै नै शान्ति र विकासको यदि 'चाहना' राखिएको हो भने यो (कथित) चुनाव समय र पैसाको बर्बादी मात्र हो । गरिनु पर्दथ्यो के भने-राजसंस्थालाई पनि संविधानमा स्थान दिने कुरा सुनिश्चित गरेर मात्र त्यसपछि अहिले देखिएका र थाँती रहेका 'समस्या'हरू, विभेदहरूलाई सम्बोधन गरेर अघि बढ्न खोजिन्थ्यो भने त्यो वास्तवमा मुलुकको लागि हितकर हुने थियो । अब यहाँ त यो मुलुक हाम्रो मात्र बपौती हो, हाम्रै मात्र (जंगली) कानुन चल्छ भन्न खोजिएको छ । त्यसरी त कहाँ होला र ? ती सबै नेपालीहरू जो अहिले (कथित) चुनावमा 'लागेका' छन्, तिनले यस्तै र यही वातावरणमा चुनावलाई सम्पन्न गर्न लागेका हुन् भने, तिनले ठूलो अपराध गर्दैछन्-राष्ट्रको विरूद्धमा । बुझौ, केही काम नै छैन- यो चुनावको । एकजना 'चिन्तक' ले यो पंक्तिकारसँग यसै भन्दै थिए । वास्तवमा सही हो पनि । आफूखुसी र प्रायोजित 'मुद्दा'हरू बोकेर गरिन लागिएको यो संविधानसभा-२ को चुनाव एउटा द्वन्द्व निम्त्याउने खेल बाहेक केही देखिँदैन । अझैपनि समय छ, मारकाट, हिंसा र अनन्तकालसम्म राजनीतिक द्वन्द्वमा फस्नबाट मुलुकलाई बचाउन ! त्यतातिर सोचौं । कसो ?

shaswatsharma1969@yahoo.com

## नेपालका १० प्रभावशाली व्यक्तिहरू

अमेरिकाको स्टेट युनिभसिर्टी अफ न्यूयोर्कसँग सम्बद्ध अध्ययन केन्द्रले गरेको अनुसन्धानमा प्रचण्ड प्रभावशाली नेपालीको पहिलो नम्बरमा दरिएका हुन् । गेलाल रिसर्च ग्रुप (जीआरजी) ले गरेको मिडिया कभरेज र चर्चा तथा सर्वसाधारणँमा परेको प्रभावका आधारमा दश शक्तिशाली व्यक्तिको सूची सार्वजनिक गरेको हो । त्यसमध्ये १. एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल २. एमाओवादीकै नेता डा. बाबुराम भट्टराई ३. मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी ४. राष्ट्रपति डा. रामवरण यादव ५. पूर्वराजा ज्ञानेन्द्र शाह ६. नेपाली काँग्रेसका सभापति सुशील कोइराला ७. एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल ८. मधेसी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव ९. गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष उपेन्द्र महतो र १०. उद्योगी विनोद चौधरी ।

नेपालको वर्तमान कालखण्डमा सबैभन्दा बढी चर्चा राप्रपा नेपालका अध्यष कमल थापा र चुनाव बहिष्कारवादी नेकपा-माओवादीका अध्यष मोहन वैद्यको नाम यो सूचीमा किन परेन ? दाहाल चर्चित व्यक्तिमा पर्ने तर दाहालको नामसँग जोडिएका बैद्य उत्तिकै चर्चित व्यक्ति हुन् । नेपाली राजनीतिमा सबैभन्दा चर्चामा पूर्वराजा पनि रहेका छन् तर उनको नाम पाँचौं नम्बरमा कसरी पारियो ? झलनाथ खनालभन्दा केपी ओली, माधव नेपाल चर्चामा छन् तर तिनको नाम सूचीमा परेन । अध्ययन रिपोर्ट अस्पष्ट छ र कतै यो रिपोर्ट निर्वाचनलाई मध्यनजरमा राखेर विदेशी चलखेलको एक तुरूपका रूपमा सार्वजनिक गरिएको त होइन ? भन्ने आशंका बढेको छ । आशंका बढ्नुमा चुनावप्रति बढेको चासोको रूपमा विश्लेषकहरूले हेरेका छन् ।

## प्रचण्डलाई छुट, थापालाई स्पष्टिकरण



काठमाडौं । विकट जिल्ला बाहेक अन्यत्र हेलिकोप्टर प्रयोग गर्न बन्देज लगाए पनि निर्वाचन आयोगको आचारसंहितालाई एमाओवादी अध्यक्ष प्रचण्ड प्रत्येक दिन उल्लंघन गरिरहेका छन् । प्रचण्ड जहाँ पुग्छन्- म राष्ट्रको नेता हुँ भन्ने शैलीमा भाषण गरिरहेका छन् र म एक्लै चुनाव हाँकिरहेको छु भन्दैछन् । लाग्छ- एमाले, काँग्रेस र मधेसीहरू प्रचण्डलाई जिताउने चुनावमा सहभागी पात्र मात्र हुन् ।

चुनाव प्रतिस्पर्धाको हो, जनताले जसलाई जिताए पनि हुन्छ । तर निर्वाचनका नियम, विधि, प्रक्रिया, आचारसंहिता नै उल्लंघन गर्नु भनेको भ्रष्टाचार हो, धाँधली हो । प्रचण्डलाई धाँधली गर्न छुट दिने निर्वाचन आयोगले कसरी स्वतन्त्र निर्वाचन गराउन सक्छ ? दसौं हजार पर्यवेक्षक र कार्टर सेन्टर किन मौन छ ?

यो प्रश्न यस कारण पनि महत्वपूर्ण छ कि प्रचण्डलाई हेलिकोप्टर र दशौं गाडीको छुट दिने निर्वाचन आयोगले राप्रपा नेपाल र अध्यक्ष कमल थापालाई एकभन्दा बढी गाडीमा प्रचारप्रसार गरेकोमा स्पष्टिकरण नै लिइयो । यो घटनाले जनमानसले आश्चर्यमा पर्दै प्रतिक्रिया दिएका छन्- आयुक्त नीलकण्ठ उप्रेतीको आँखामा फुलो परेको रहेछ ।

सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार